# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक ३०८ | काठमाडौं | मंगलबार, २० फागुन २०८१ | Prabhab National Daily | Tuesday, March 04, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५/-


## धुर्मुस-सुन्तलीविरुद्ध अदालतमा पञ्चकन्या




■ जेबी योञ्जन

- जिल्ला अदालत ललितपुरमा आधा करोडभन्दा बढीको लेनदेन मुद्दा दायर
- भरतपुरस्थित क्रिकेट रंगशाला निर्माणमा ५२ लाखभन्दा बढी भुक्तानी बाँकी रहेको दाबी
- अन्य कम्पनीकोसमेत १८ करोडभन्दा बढी भुक्तानी बाँकी
- धुर्मुस भन्छन्- सबै बाँकी सरकारले भुक्तानी गर्नुपर्छ

**काठमाडौं–** कलाकारितामा लोकप्रियताले शिखर चुम्दै गर्दा हास्यकलाकार दम्पती सीताराम कट्टेल 'धुर्मुस' र कुञ्जना घिमिरे 'सुन्तली' सामाजिक अभियानमा जोडिए । उनीहरूका लागि १२ वैशाख २०७२ मा आएको भूकम्प सामाजिक अभियान थालनीको मोड बनिदियो ।

त्यसबेला धुर्मुस-सुन्तली फाउण्डेसन नामक संस्था खडा गरी देश, विदेशका नेपालीसँग उनीहरूले सहयोग उठाए । सहयोग रकमले सिन्धुपाल्चोकमा गिरानचौरमा एकीकृत नमूना बस्ती, काभ्रेपलाञ्चोकको पाँचखालमा एकीकृत पहरी बस्ती र महोत्तरीमा एकीकृत नमूना मुसहर बस्ती बनाए । उनीहरूको लोकप्रियता झनै बढ्यो ।

त्यही मेसोमा फाउण्डेसनले चितवनमा गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माण गर्ने भन्यो । सहयोग करोडौं जम्मा भयो । रंगशाला निर्माण कार्य थाले । तर, बीचमै ऋण भयो भनेर उनीहरूले रंगशाला निर्माण कार्य अलपत्र छोडे । त्यसपछि भने उनीहरू आलोचनाको सिकार बन्दै आएका छन् ।

यतिबेला उनीहरूविरुद्ध अदालतमा मुद्दा परेको छ । पञ्चकन्या ग्रुपअन्तर्गतको पञ्चकन्या स्टिलले जिल्ला अदालत ललितपुरमा मुद्दा दायर गरेको हो । अभियोगपत्रमा रंगशाला निर्माणका लागि कम्पनीबाट पटक-पटक गरी छड लिएको तर उक्त सामग्रीको रकम भुक्तानी नगरेको उल्लेख छ । पञ्चकन्याले लेनदेन कसूरमा मुद्दा दर्ता गरेको हो । कम्पनीले भनेको छ, '५२ लाख दुई हजार ५५५ रूपैयाँ भुक्तानी रोकिएको छ ।'

फाउन्डेसनले अन्य १३६ कम्पनीलाई भुक्तान गर्नुपर्ने १८ करोड ४३ लाख रूपैयाँ पनि भुक्तानी हुन सकेको छैन । उसो त २० चैत २०७९ मा बसेको मन्त्रिपरिषद् बैठकले रंगशाला निर्माणको स्वामित्व लिएर निर्माण अघि बढाउन भरतपुर महानगरपालिकालाई स्वीकृति दिने निर्णय गरेको थियो । त्यसबेला प्रधानमन्त्री नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल थिए । उनले अध्यक्षता गरेको मन्त्रिपरिषद् बैठकले गरेको निर्णयका आधारमा भरतपुर महानगरले ग्लोबल टेन्डर आह्वान गर्‍यो ।

क्रमशः पृष्ठ २ मा

मागपत्र प्रमाणीकरणमा उल्झन्

# वैधानिक बाटोबाट युरोप नपठाइँदा युवाहरू ठगिँदै

### दूतावासलाई सबल बनाउन विज्ञको सुझाव



सन्दर्भः वैदेशिक रोजगार



अहिले व्यक्तिगत श्रम स्वीकृतिबाट डेढ लाख नेपाली युरोप पुगिसकेका छन् । हामी पनि खाडीको तातो घामबाट कामदारलाई युरोपतिर सिफ्ट गर्न चाहन्छौं । दूतावासले मागपत्र प्रमाणीकरण गर्न नसक्दा बिचौलियाले पठाउन थाले ।

**■ राजेन्द्र भण्डारी**
**अध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**



मागपत्र आएपछि राजदूतावासले १५ दिनभित्र प्रमाणीकरण गर्नुपर्ने व्यवस्था छ, नत्र ती मागपत्र त्यसै खेर जान्छन् । हामीले मागपत्रलाई एकाधिकार जस्तो ठान्यौं । मागपत्र आधिकारिक हो वा होइन भन्ने जाँच गरेर मन्त्रालयबाटै प्रमाणीकरण गर्न सकिन्छ ।

**■ डण्डुराज घिमिरे**
**सहसचिव एवं प्रवक्ता, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**



दूतावाससँग आवश्यक साधन स्रोत छैन भने उसलाई ती कुराहरु दिएर सक्षम बनाउने हो । यहाँ सिंहदरबारको मन्त्रालयमा सानो समूह बनाएर कसरी विदेशका ठाउँको कम्पनीको बारेमा यकीन जानकारी दिन सक्छ ?

**■ रामेश्वर नेपाल, श्रमविज्ञ**

■ ममता थापा

**काठमाडौं–** 'युरोपेली मुलुकबाट वर्षमा एक लाखको हाराहारीमा मागपत्र आउँछन् तर ती मागपत्र प्रमाणीकरण नहुँदा अवसर त्यसै खेर गइरहेका छन् ।'

वैदेशिक रोजगार व्यवसायीले सार्वजनिकरूपमा उठाउँदै आएको विषय हो यो । विगतमा नेपालीहरूका लागि खाडीका छ वटा मुलुक र मलेसिया नै प्रमुख श्रम गन्तव्य थिए । पछिल्लो समय युरोपबाट पनि कामदारको माग आउन थालेसँगै युवाहरूको आकर्षण त्यसतर्फ बढ्दो छ । तर त्यहाँका मागपत्रहरू प्रमाणीकरण नहुँदा कामदार पठाउन नपाएको व्यवसायीहरूले बताउँदै आएका छन् ।

वैधानिक बाटोबाट मागपत्र आएको छैन भनिरहँदा व्यक्तिगत श्रम स्वीकृतिमार्फत कामदारहरू त्यहाँ जाने क्रम भने बढ्दो छ । चालु आर्थिक वर्षको साउनदेखि माघसम्म (सात महिना)मा ७४ हजार १७४ जना व्यक्तिगत श्रम स्वीकृतिमार्फत विभिन्न मुलुकमा पुगेका छन् । जसमध्ये अधिकांश युवा युरोप गएका तथ्यांकले देखाउँछ । पछिल्लो सात महिनामा व्यक्तिगत श्रम स्वीकृति लिएर ११ हजार ३५६ जना रोमानिया, पाँच हजार ७३२ जना क्रोएसिया र ८८२ जना अजरबैजान गएका छन् । यसैगरी पोल्यान्ड, पोर्चुगल, सर्बिया, मरिसस, ग्रीसलगायत देशमा पनि युवाहरू गइरहेका तथ्यांकमा देखिन्छ । यो त वैधानिक माध्यमबाट गएका युवाहरूको तथ्यांकमात्रै हो । अवैध बाटोबाट युरोप लैजाने गिरोहसमेत सक्रिय देखिन्छ ।

अवैध बाटोबाट युरोप पठाउनेमा कन्सल्टेन्सी, ट्राभल एजेन्सी र कतिपय त म्यानपावरहरू नै संलग्न भएको पाइएको छ । युरोपमा आकर्षक तलब सुविधाको प्रलोभन देखाएर करोडौं ठगी गरी कन्सल्टेन्सी तथा म्यानपावरका सञ्चालकहरू बेपत्ता भएका घटनाहरू पछिल्लो समय धमाधम सार्वजनिक भइरहेका छन् ।

क्रमशः पृष्ठ २ मा

# यथार्थपरक र गुणस्तरीय आयोजनामा जोड

## स्रोत छर्ने प्रवृत्तिलाई निरूत्साहन

■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट तयारीमा जुटेको अर्थ मन्त्रालयले आठबुँदे मार्गदर्शन जारी गरेको छ । बजेटको प्रस्ताव गर्ने मन्त्रालय तथा सरोकारवाला निकायहरूका लागि सोमबार उक्त मार्गदर्शन जारी गरिएको हो । अर्थका सचिव घनश्याम उपाध्यायले जारी गरेको मार्गदर्शनमा स्रोत व्यवस्थापनमा परेको दबाबलाई दृष्टिगत गर्न सुझाइएको छ ।

पछिल्ला वर्षहरूमा बजेटको माग बढेको कारण अर्थ मन्त्रालय दबाबमा पर्दै आएको र कार्यक्रम प्राथमिकीकरण गर्नका लागि पनि मार्गदर्शनलाई ध्यान दिन भनिएको छ । 'स्रोत व्यवस्थापनमा परेको दबाब तथा कार्यक्रम प्राथमिकीकरण गर्नुपर्ने अवस्था रहेकोले मार्गदर्शनमा उल्लिखित विषयहरूलाई गम्भीरतापूर्वक ध्यान दिनुहुन अनुरोध गर्दछु,' पत्रमा भनिएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोगलाई बोधार्थ गरिएको पत्र सबै मन्त्रालय, आयोग, सचिवालय र कार्यायलका लागि जारी गरिएको हो । अर्थले चैत १५ भित्र सबै आयोजना र कार्यक्रम बजेट सूचना प्रणालीमा समावेश गर्ने व्यवस्था मिलाउनसमेत निर्देश गरेको छ । अर्थ मन्त्रालयका बजेट महाशाखा प्रमुख श्रीकृष्ण नेपालको संयोजकत्वमा पाँच सदस्यीय बजेट मस्यौदा लेखन समिति गठन भएसँगै अर्थले मार्गदर्शन जारी गरेको हो । चालु बजेट निर्माणका लागि गत वर्ष प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकारले १६ बुँदे मार्गदर्शन जारी गरेको थियो ।

### यथार्थपरक बजेटमा जोड

पहिलो बुँदामा सीमाभित्र रही बजेट प्रस्ताव गर्न अनुरोध गरिएको छ । पाँच प्राथमिकतालाई समेट्न भनिएको यो बुँदामा बजेट यथार्थपरक हुनुपर्ने उल्लेख गरिएको छ ।




**बजेटको मार्गदर्शन**

- कार्यान्वयन क्रममा सामान्यतया रकमान्तर र कार्यक्रम संशोधन गर्न नपर्ने गरी यथार्थपरक बजेट प्रस्ताव गर्नुपर्ने
- नयाँ आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा पूर्वतयारी पूरा भएका तथा लागत लाभ विश्लेषणबाट कार्यान्वयनयोग्य देखिएका गुणस्तरीय आयोजनामात्र समावेश गर्नुपर्ने
- आयोजना र कार्यक्रमहरु विषयगत मन्त्रालय, प्रदेश र स्थानीय तहसँग दोहोरो नपर्नेगरी बजेट प्रस्ताव गर्नुपर्ने

'प्राप्त बजेट सीमाभित्र रहेर वार्षिक कार्यक्रम तथा बजेट प्रस्ताव गर्नुपर्ने छ,' मार्गदर्शनमा भनिएको छ, 'कार्यान्वयन क्रममा सामान्यतया रकमान्तर र कार्यक्रम संशोधन गर्न नपर्नेगरी यथार्थपरक बजेट प्रस्ताव गर्नुपर्ने छ ।'

त्यसैगरी चालु खर्चमा मितव्ययिता कायम गर्नेगरी अत्यावश्यक बजेटमात्र प्रस्ताव गर्न भनिएको छ । 'चालु खर्चमा मितव्ययिता कायम गर्नेगरी अत्यावश्यक बजेटमात्र प्रस्ताव गर्नुपर्ने छ । साथै, अनिवार्य दायित्वका खर्च शीर्षकमा पछि थप निकासा माग गर्न नपर्ने गरी पर्याप्त बजेट प्रस्ताव गर्नुपर्ने छ,' यस बुँदामा भनिएको छ, 'एकै प्रकृतिका क्रियाकलाप विभिन्न उपशीर्षक तथा कार्यक्रममा समावेश भएकोमा आगामी आवदेखि त्यस्ता क्रियाकलापलाई एकीकृत गरी व्यवस्थित गर्नुपर्ने छ ।'

### गुणस्तरीय आयोजनामा जोड, स्रोत छर्ने प्रवृत्तिलाई बन्देज

अर्थले यसपटक गुणस्तरीय आयोजनामा जोड दिएको देखिन्छ । नयाँ आयोजना तथा कार्यक्रम प्रस्तावका सम्बन्धमा प्रस्तुत गरिएको बुँदामा यसबारे उल्लेख गरिएको छ । 'नयाँ आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा पूर्वतयारी पूरा भएका तथा लागत लाभ विश्लेषणबाट कार्यान्वयनयोग्य देखिएका गुणस्तरीय आयोजनामात्र समावेश गर्नुपर्ने छ,' यस बुँदामा भनिएको छ ।

कुनै स्थानमा आयोजना जारी रहेको अवस्थामा स्रोत छर्नेगरी नयाँ प्रस्ताव नलिने अर्थको तयारी देखिन्छ । 'हाल कार्यान्वयनमा रहेका आयोजनाहरू आगामी आवमा सम्पन्न हुने भए त्यसका लागि पर्याप्त बजेट विनियोजन गरिसकेपछि मात्र नयाँ कार्यक्रम तथा आयोजनालाई बजेट प्रस्ताव गर्नुपर्ने छ । सीमित स्रोतको उपलब्धिमूलक उपयोग गर्न स-साना आयोजनामा स्रोत छर्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्ने छ,' यस बुँदामा भनिएको छ । यसअघि स्रोत छरिँदा कुनै पनि आयोजना गुणस्तरीय हुन सकेको थिएन ।

यसैगरी अध्ययन पूरा नभएको आयोजनामा पनि बजेट माग नगर्न भनिएको छ । 'अध्ययन पूरा नभएका नयाँ आयोजनामा कार्यान्वयनका लागि बजेट विनियोजन नहुने हुँदा त्यस्तो आयोजनाको अध्ययन तथा तयारी कार्यका लागिमात्र बजेट प्रस्ताव गर्नुपर्ने छ,' भनिएको छ ।

क्रमशः पृष्ठ २ मा




# मानव–वन्यजन्तु द्वन्द्वको मारमा विपन्न वर्ग

■ प्रभाव संवाददाता




**काठमाडौं–** सरोकार भएकाहरूले मानव-वन्यजन्तु द्वन्द्वको मारमा विपन्न वर्ग पर्ने गरेको बताएका छन् । नेपाल वन प्राविधिक संघ (एनएफए) को स्वर्ण महोत्सवका अवसरमा सोमबार यहाँ आयोजित 'मानव-वन्यजन्तु द्वन्द्व र वन डढेलो व्यवस्थापन' विषयक नीति संवादमा सरोकार भएकाहरूले जंगल नजिक बस्ने र प्राकृतिक स्रोतको प्रयोग गर्ने भएकाले विपन्न वर्ग वन्यजन्तुको आक्रमणमा पर्ने गरेको बताएका हुन् ।

संवादमा वन अभियन्ता मिरा ढकालले पछिल्लो समय मानव-वन्यजन्तुबीच द्वन्द्व बढ्दै गएकाले यसले गम्भीर समस्या निम्त्याएको र सबैभन्दा बढी ग्रामीण क्षेत्रका विपन्न वर्ग मारमा परेको बताइन् । 'गरिब तथा विपन्न नागरिक नै जंगलमा घाँस, दाउरा, काठ संकलन गर्न जान्छन्, त्यसैले पनि वन्यजन्तुको आक्रमणमा पर्छन्,' उनले भनिन्, 'वन्यजन्तु बस्तीमा पस्दा पनि आसपासका मानिसको जीवनयापनमा समस्या उत्पन्न भइरहेको छ ।'

मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनविद् डा. दिनेश न्यौपानेले वन्यजन्तुको प्राकृतिक विनाश, वन आवास अतिक्रमण र कटानी, सहरीकरण, जंगल आसपासमा बस्ती बढ्दै जानेलगायत कारणले वन्यजन्तु मावबस्तीमा प्रवेश गरिरहेकाले द्वन्द्व बढ्दै गएको बताए । 'जंगलमा पिउने पानी र खाद्यन्नको अभावका कारण पनि वन्यजन्तुलाई बस्तीमा छिरिरहेका छन् । खुला भान्सा भएको र रक्सी बनाउँदा त्यसका गन्दले पनि घरमा वन्यजन्तु पस्ने गर्छन् । यसमा सचेत हुनुपर्ने आवश्यकता छ,' उनले भने ।

राष्ट्रिय प्रकृति संरक्षण कोषका सदस्यसचिव डा. नरेश सुवेदीले वन्यजन्तु बस्तीमा छिर्दा मानिसहरूले देखाउने व्यवहार र संयमता नअपनाउँदा द्वन्द्वका घटना भइरहेका बताए । 'पहिले पनि पनि मानव-वन्यजन्तु द्वन्द्वका घटना हुन्थे । हाल मिडियाका कारण घटना बाहिर आए । वन्यजन्तु बस्तीमा छिर्दा झिस्काउने, ढुंगा हान्ने, होहल्ला गर्ने तर संयमित नहुने र सतर्कता नअपनाउनेजस्ता कारणले वन्यजन्तुले आक्रमण गर्छन् । वन्यजन्तु र मानिसबीचको द्वन्द्व घटाउन स्थानीय सुरक्षा बललाई थप तालिम र प्रविधि दिनु आवश्यक छ,' उनले भने ।

विश्व वन्यजन्तु कोषका राष्ट्रिय प्रतिनिधि डा. धनश्याम गुरुङले वन्यजन्तु र मानिसबीचको द्वन्द्व घटाउन सकिने बताए । उनले वन्यजन्तुको बासस्थानमा चुनौती, घाँसेमैदान नास हुँदै गएकालगायत कारणले वन्यजन्तु बस्तीमा छिर्न बाध्य भएको धारणा राखे । जंगलको छेउछाउँमा लगेर बस्ती बसाल्ने प्रवृत्तिले पनि द्वन्द्व बढाएकाले यस विषयमा सबै गम्भीर हुनुपर्ने उनको भनाइ थियो ।

वन विज्ञान अध्ययन संस्थानका डिन डा. डाकुर सिलवालले वन्यजन्तु र मानिसबीचको द्वन्द्व घटाउन वन्यजन्तुको बासस्थान प्रवर्द्धन र नियन्त्रणका परम्परागत ज्ञान प्रवर्द्धनमा जोड दिए । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका उपमहानिर्देशक बेदप्रसाद ढकालले वन्यजन्तु र मानिसबीचको द्वन्द्व घटाउन विस्तृत छलफल जरूरी रहेको बताए । 'वन्यजन्तुको संरक्षण र मानव जीवनको सुरक्षा दुवै महत्त्वपूर्ण छन् । द्वन्द्व व्यवस्थापन कसरी गर्ने यसमा विस्तृत बहस गरी उपयुक्त उपाय पहिचान गर्न आवश्यक छ,' उनले भने ।

## स्वयम्भूस्थित प्रतापपुर र अनन्तपुर मन्दिरको जीर्णोद्धार

**काठमाडौं (प्रस)-** विश्वसम्पदा सूचीमा सूचीकृत स्वयम्भूस्थित प्रतापपुर र अनन्तपुर मन्दिरको जीर्णोद्धार सम्पन्न भएको छ । स्वयम्भूको संरक्षण गर्दै आएको स्वयम्भू व्यवस्थापन तथा संरक्षण महासमितिले दुवै मन्दिर चर्किएर जोखिममा परेपछि करिब एक वर्षको समयावधिमा आवश्यक मर्मतसम्भार तथा जीर्णोद्धार गरेको हो ।

पुरातत्त्व विभागले पुरानै स्वरूपमा मर्मत गर्नका लागि महासमितिलाई अनुमति दिएपछि नयाँ प्रविधिको प्रयोग गरी मर्मतसम्भार तथा रङरोगनको कार्य पूरा गरेको महासमितिका सचिव चन्द्ररत्न बुद्धाचार्यले जानकारी दिए । वि.सं. २०७२ को भूकम्पका कारण सो मन्दिरमा क्षति पुगेको थियो । प्रताप मल्लले निर्माण गरेको ती सम्पदा ऐतिहासिक तथा पुरातात्त्विक महत्त्वका सम्पदास्थल हुन् ।

राजा प्रताप मल्लले आफ्नो नामबाट सो मन्दिरलाई प्रतापपुर राख्न लगाएका थिए भने रानी अनन्तप्रियाको सम्झनामा अनन्तपुर मन्दिर निर्माण गराएको इतिहास पाइन्छ । त्यहाँ प्राचीन महत्त्वका अन्य सम्पदा जीर्णोद्धारका लागि पुरातत्त्व विभाग र महासमितिले अध्ययन गरिरहेको महासमितिका महासचिव महेन्द्ररत्न बुद्धाचार्यले जानकारी दिए । ती सम्पदाको यसअघि आगलागी र चटचाङका कारण क्षति पुगेपछि जीर्णोद्धार गरिएको थियो । महासमितिले स्थानीय जात्रा पर्व मेला सञ्चालन तथा स्वयम्भू क्षेत्रको जंगल संरक्षणका लागि बिरूवा रोप्ने तथा पार्कको सजावट गर्दै आएको छ ।

महासमितिका इञ्जिनियर राजेश सुवालले करिब २० लाख रूपैयाँको लागतमा ती सम्पदाको जीर्णोद्धार गरिएको बताउँदै महाचैत्य आसपास क्षेत्रमा रहेको अन्य सम्पदा मर्मतका लागि अध्ययन भइरहेको जानकारी दिए ।

## प्रकृतिलाई न्याय दिलाउने परराष्ट्रमन्त्रीको प्रतिबद्धता

**काठमाडौं (प्रस)-** परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले भारतको ओडिसास्थित किट विश्वविद्यालयमा रहस्यमय मृत्यु भएकी नेपाली विद्यार्थी प्रकृति लम्साललाई न्याय दिलाउने विश्वास दिलाएकी छन् । प्रकृतिको मृत्युपछि शोकमा रहेका उनका बुबाआमा र आफन्तजनलाई सोमबार भैरहवामा भेटेर समवेदना प्रकट गर्दै मन्त्री देउवा र गृहमन्त्री रमेश लेखकले यस्तो बताएका हुन् ।

मन्त्री देउवाले मृत्युको प्रकृतिका बुबाआमा र आफन्तजनलाई सत्यतथ्य पत्ता लगाई दोषीमाथि कानुनबमोजिम कडा कारबाहीका लागि आफूले सुरुदेखि नै कूटनीतिक पहल जारी राखेको बताएकी थिइन् । उनले प्रकृतिको मृत्यु र त्यसपछि विकसित घटनाक्रमबारे आफूले गत हप्ता ओडिसाका मुख्यमन्त्री मोहनचरण माझीसँग कुराकानी गरेको र उक्त घटना भएलगत्तै त्यहाँका उच्च शिक्षामन्त्रीसँगसमेत कुराकानी भएको जानकारी गराइन् ।

त्यसक्रममा घटनाको सत्यतथ्य छानबिन गरी दोषीमाथि कानुनबमोजिम कारबाही गर्न र त्यहाँ अध्ययनरत नेपाली विद्यार्थीलाई पठनपाठनको उचित र सुरक्षित प्रबन्ध गर्न आग्रह गरेको मन्त्री देउवाले जानकारी गराइन् ।

प्रकृतिका बुबाआमासँग उनले भनिन्, 'मैले कूटनीतिक माध्यमबाट दोषीमाथि कानुनी कारबाहीका लागि पहल गर्न भारत सरकारसँग आग्रह गरेकी छु र सरकारले यसलाई फलोअप गरिरहेको छ । प्रकृतिलाई न्याय दिलाउने काममा म र गृहमन्त्रीजीले कुनै कसर बाँकी राख्ने छैनौं ।'

यस विषयमा परराष्ट्र मन्त्रालय र नयाँ दिल्लीस्थित नेपाली दूतावासले ओडिसा सरकार, विश्वविद्यालय प्रशासन र भारतीय सुरक्षा अधिकारीको सम्पर्कमा रहेर आवश्यक समन्वयका साथ काम गरिरहेको पनि मन्त्री देउवाले जानकारी दिइन् । उक्त विश्वविद्यालयमा अध्ययनरत प्रकृतिको यही फागुन ४ गते रहस्यमय मृत्यु भएको थियो ।

---

### युएइमा रोजगार

कम्पनी : ALPHAMED SPECIALISED PROJECTS - SOLE PROPRIETORSHIP L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/०८/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/११/१९ | LT. No. 314764 | चलानी नं. ६०२२९१३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fumigation worker | 90 | 0 | 900 | ३४,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन २७ गते (11th Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

---

### युएइमा रोजगार

कम्पनी : AL MAJD INSULATION MATERIALS CO.

पूर्व स्वीकृति मिति : २०८१/०५/१२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/११/१९ | LT. No. 309557 | चलानी नं. ६०२२४४०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour (waterproof) | 20 | 0 | 800 | ३०,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन २७ गते (11th Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Indigo Overseas Pvt. Ltd.**
Samakhushi, Kathmandu, Nepal Tel : +977-1-4387787 / 6201955, Mobile No.9840806449, 9823025516
E-mail : indigo.pukar@gmail.com, indigo.recp@gmail.com, Website : www.ioplneoal.com

---

### MAURITIUS मा रोजगार

कम्पनी : ESPACE MAISON LTEE

पूर्व स्वीकृति मिति २०८१/०६/२२ | पुन विज्ञापन स्वीकृति मिति २०८१/११/१९ | LT. No. 311923 | चलानी नं. ६०२२६४३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Store Attendant | 60 | 0 | 16500 | ४९,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : PICK AND BUY LIMITED

पूर्व स्वीकृति मिति : २०८०/०८/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८१/११/१९ | LT. No. 295391 | चलानी नं. ६०२१०४५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 20 | 0 | 15000 | ४४,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Pastry Makers | 16 | 0 | 15000 | ४४,७६० | | | | | | | |
| 3 | Shelf Workers | 8 | 0 | 15000 | ४४,७६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन २७ गते (11th Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GRACE OVERSEAS PVT. LTD.**
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 9851086232, 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np
Govt. License 852/066/067

---

### युएइमा रोजगार

कम्पनी : A G FACILITIES SOLUTIONS FOR BUILDING MAINTENANCE LLC

पूर्व स्वीकृति मिति : २०८१/११/१८ | LT. No. 319646 | चलानी नं.६०२३३८७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners Female | 0 | 50 | 800 | ३०,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaners Male | 150 | 0 | 800 | ३०,४०५ | | | | | | | |

कम्पनी : Hadeed Steel Industries HSI FZC

पूर्व स्वीकृति मिति : २०८१/११/१८ | LT. No. 319697 | चलानी नं.६०२३३८७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Airless Spray Industrial Grade Painters | 5 | 0 | 1500 | ५७,०१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 20 | 0 | 800 | ३०,४०५ | | | | | | | |
| 3 | Industrial Sand Blaster | 5 | 0 | 1600 | ६०,८१५ | | | | | | | |
| 4 | Steel Structure Fabricators | 10 | 0 | 1600 | ६०,८१५ | | | | | | | |
| 5 | Welder (Mig & Arc) | 10 | 0 | 1600 | ६०,८१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन २७ गते (11th Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**RELIABLE MANPOWER RECRUITMENT PVT LTD**
Govt.Lic. No 1728/081/82
Sinamangal-9, Kathmandu, Nepal, (50 Meter opposite to Hope Hospital) T: 01-5922931/ 5922932/ 5922934
Email:- reception@reliablemanpowernepal.com, Web: www.reliablemanpowernepal.com

---

### युएइमा रोजगार

कम्पनी : WECOR CONCRETE WORKS LLC-OPC

पूर्व स्वीकृति मिति : २०८१/११/१९ | LT. No. 319744 | चलानी नं. ६०२३३८७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Blacksmith | 2 | 0 | 1200 | ४५,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Brick Layer | 2 | 0 | 1200 | ४५,६१० | | | | | | | |
| 3 | Building Labour | 3 | 0 | 1200 | ४५,६१० | | | | | | | |
| 4 | Concrete Mason | 2 | 0 | 1200 | ४५,६१० | | | | | | | |
| 5 | Construction Worker | 2 | 0 | 1200 | ४५,६१० | | | | | | | |
| 6 | Demolition Labor | 2 | 0 | 1200 | ४५,६१० | | | | | | | |
| 7 | General Carpenter | 2 | 0 | 1200 | ४५,६१० | | | | | | | |
| 8 | Steel Fixer | 3 | 0 | 1200 | ४५,६१० | | | | | | | |
| 9 | Welder | 2 | 0 | 1200 | ४५,६१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन २७ गते (11th Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**YOUNG MANPOWER PVT.LTD.**
Gaushala-9, Kathmandu, Nepal, Tel: +977-1-4583814, 4583815 , 4583816
E-mail : youngmanpower123@gmail.com, Web: https://www.youngmanpower.com.np/
Govt. License No. 1047/073/74

---

### माइग्रेसन हराएको सूचना

मितिः २०८१/१०/०२ गते चापागाउँ, ललितपुरबाट मेरो निम्न व्यहोरा भएको +2 को माइग्रेसन हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम :** पूर्णिमा श्रेष्ठ
**रजिस्ट्रेसन.नं.:** ७९३२७१०६०१८९
**सिम्बोल नं.:** २२७२३९६०
**विद्यालय :** Rehdon Secondary School Samakhushi, Kathmandu
**ठेगाना:** तादि गाउँपालिका-२, नुवाकोट
**सम्पर्क:** ९७६४७९९८४९

### मोटरसाइकल हराएको-सूचना

मिति २०८१/१०/०५ गते अ. २३:०० बजेको देखि भोलिपल्ट ऐ., ०६ गते बिहान अं. ०७:०० बजेको समयमा का.जि.का.ता.न.पा. वडा नं. ४ पुरानो गुज्यश्वरी स्थित बस्दै आएको घरको बाहिर आँगनमा पार्किङ गरी राखेको बा.प्र.०२०४४प२६४५को कालोसेतो रङ्गको १०० सिसिको प्लाटिनामा निम्न व्यहोरा भएको मोटरसाईकल हराएको हुदाँ पाउनु हुने महानुभावले निम्न ठेगाना वा नजिकैको प्रहरीकार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

**सवारी धनी: हुलास फिन सर्भ लि.**
**ईन्जिन नं.:** PFXRNLIA358
**च्यासिस नं.:** MD2A76AX3NPL576L7
**सम्पर्क नं.:** 9704790985

### अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म कम्पनीले चाइना र इन्डियाबाट पैठारी गरेको दोहायको मालबस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

**तपशिल**

| S.N. | Product | Brand | Model | Origin of Country | Unit | Rate | Capacity | Total MRP | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Led TV | Konka | KE32MS2024 | India | PCS | NPR | 32" | 17,000 | |
| 2 | Led TV | Konka | KE43MS2024 | India | PCS | NPR | 43" | 30,000 | |
| 3 | Washing Machine | Konka | XQG80-12B13 | China | PCS | NPR | 8 kg | 50,000 | |
| 4 | Chest Freezer | Konka | KCF-330W | China | PCS | NPR | 330 ltrs | 38,500 | |
| 5 | Chest Freezer | Konka | KCF-550W | China | PCS | NPR | 550 ltrs | 60,000 | |

**बिक्रेताको फर्मको नाम:** Saurabh Photo International | **स्थायी लेखा नं:** 300050271
**ठेगाना:** Neupane Tower, Tinkune, Subidhanagar | **फोन नं:** 01-4111630

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**दोस्रो पटक प्रकाशित मिति: २०८१/११/२०**

यस कम्पनीको मिति २०८१/०२/३२ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **होटल ओडिसी प्रा.लि.**/Hotel Odyssey Pvt. Ltd. को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **नोर्बुलिङ बुटिक होटल प्रा.लि.**/Hotel Norbuling Boutique Hotel Pvt. Ltd. (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/११/१३ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **नोर्बुलिङ बुटिक होटल प्रा.लि.**/Norbuling Boutique Hotel Pvt. Ltd. (**प्रा.लि.नं.**३०७६४९) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

### श्री भृकुटी पल्प एण्ड पेपर नेपाल लिमिटेड
**गैडाकोट, नवलपरासीको**

### वार्षिक साधारण सभा बस्ने सूचना

श्री भृकुटी पल्प एण्ड पेपर नेपाल लिमिटेडको मिति २०८१।१०।२२ गतेका दिन बसेको संचालक समितिको बैठकले गरेको निर्णय अनुसार यस कम्पनीको आर्थिक वर्ष २०७८।०७९, २०७९।०८० र २०८०।०८१ को अठाईसौं, उनान्तिसौं र तिसौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले शेयरधनी महानुभावहरुको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**(१) वार्षिक साधारण सभा हुने मिति, समय र स्थान:**
क. मिति : २०८१।११।२७ गते (तदनुसार ११ मार्च २०२५)
ख. समय : बिहान ११.०० बजे
ग. स्थान : अर्पण ब्यांकेट, नयाँ बानेश्वर, काठमाण्डौ

**(२) वार्षिक साधारण सभामा छलफलका लागि प्रस्तुत हुने प्रस्तावहरु:**

**(क) साधारण प्रस्तावहरु**
१. संचालक समितिले तयार गरेको आ.व.२०७८।७९, २०७९।८० र २०८०।०८१ को वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखा परीक्षकको प्रतिवेदन सहितको लेखा परीक्षण गरिएको आ.व.२०७८।७९, २०७९।८० र २०८०।०८१ को वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने ।
३. आ.व.२०७८।७९, २०७९।८० र २०८०।०८१ को दफा ७८ सम्वन्धमा ।
४. लेखा परिक्षण समितिको सिफारिसमा आ.व.२०८१।८२ का लागि लेखा परीक्षक नियुक्तीको सिफारिस गर्ने बारे ।
५. संचालक नियुक्तीको अनुमोदन गर्ने ।
६. संचालक समितिले गरेका काम कारवाहीहरुको अनुमोदन गर्ने ।
७. विविध ।

**(ख) विशेष प्रस्तावहरु**
१. कम्पनीको उद्देश्य थप गरी संचालन गर्ने बारे ।
२. कम्पनीको प्रबन्धपत्रमा संशोधन गर्ने बारे ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

नोट: साधारण सभा सम्बन्धि जानकारी तथा कम्पनीको संक्षिप्त वार्षिक विवरण कम्पनीको शेयर रजिष्ट्रार सनराईज क्यापिटल लिमिटेडको वेबसाईट www.sunrisecapital.com.np बाट प्राप्त गर्न सकिनेछ ।

---

**Government of Nepal (GoN)**

## Likhu Tamakoshi Rural Municipality

**Dhobi Bazar, Ramechhap.**

## Invitation for Bids

***Date of publication: 04-03-2025 10:00 A.M.***

1. Likhu Tamakoshi Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the construction of the projects mentioned below under NCB Bidding Procedures. All other information and Bid Documents can be downloaded from PPMO website www.bolpatra.gov.np/egp. All the eligible bidders are requested to submit E-bid only as per Instruction with in mentioned period.

| S. N | Contract Identification No | Name of Project | Estimated Amount, With PS NRs (Exclusive of VAT and Contingencies) | Bid Security Amount (Rs.) | Bid Document Fee | Pre-bid meeting Date | Deadline for bid submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|---|
| 1 | LTRM/NCB/ WORKS/ 20/2081/082 | Dhobi Bajar Dekhi 15 Bed Hospital Samma Sadak Kalopatrey | 25,377,764.79 | 750,000 | 5,000.00 | 21-03-2025 14:00 | 06-04-2025 12:00 | 06-04-2025 14:00 |

2. Bidders should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Nepal Investment Bank Ltd.
   Name of Office: Likhu Tamakoshi Rural Municipality
   Office Account no: 07001400250016
   Rajaswa (revenue) Accont Name: Ga 1 1 Aantarik Rajaswa Khata
3. For Evaluation Criteria, please refer the respective Bid Document in PPMO website www.bolpatra.gov.np/egp
4. Likhu Tamakoshi Rural Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**
**Likhu Tamakoshi Rural Municipality**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## धुलिखेल–खावा सडकमा सास्ती कहिलेसम्म ?

धुलिखेलबाट पाँचखालतिर लाग्ने सडकको खावा खण्ड अहिले पानी पर्दा हिलो र घाम लाग्दा धूलोले अस्तव्यस्त देखिन्छ । उकालो र ओरालो सडकमा सवारी चलाउनेहरू कहिले कुनामा जाकिन्छन् भने कहिले सडक छेउतिर भासिन्छन् । यही सडकहुँदै काभ्रेका विभिन्न स्थान, सिन्धुपाल्चोक, दोलखा र रामेछाप पुगिन्छ । चार जिल्लाको 'लाइफलाइन'का रूपमा हेरिने यो अरनिको राजमार्गहुँदै पर्यटकीय क्षेत्र पनि पुगिन्छ । दोलालघाट दोभान, भोटेकोशी, सुनकोशी क्षेत्रमा ¥याफ्टिङ, सुकुटेबिच क्षेत्र, तातोपानी, खासा नाका, यता जुगल हिमाल, दोलखाका अधिकांश पर्यटकीय क्षेत्र र रामेछापको जिरीसम्म यही सडकहुँदै यात्रा गर्नुपर्छ । तर तीन वर्षयता यो सडकको अवस्था जरजर छ ।

सडक निर्माण पूरा नगरी अस्तव्यस्त छाडिएको उकालो–ओरालो बाटोमा मोटरसाइकल चढ्ने यात्री दिनहुँ लडेर घाइते हुन्छन् । त्यहाँ सुनुवाइ गर्ने कुनै निकाय भेटिँदैन । चार किलोमिटर खण्डमा गाडीसमेत बेलाबेला फस्दा उक्त सडक अवरुद्ध हुने गर्दछ । सडक डिभिजन कार्यालय भक्तपुरले यो सडक निर्माण सम्पन्न गर्नुपर्ने हो । जिल्ला सदरमुकाम धुलिखेलबाट खावासम्मको उक्त खण्ड विस्तारका लागि गौरी–पार्वती निर्माण सेवा प्रालिसँग सम्झौता भएको थियो । कम्पनीले २०८० चैत १९ गतेभित्र निर्माण सम्पन्न गर्नेगरी २०७९ जेठ २० मा २० करोड १९ लाख ४६ हजार रूपैयाँमा ठेक्का लिएको थियो । धुलिखेल–खावा खण्डलाई १२ मिटरको फराकिलो बनाई कालोपत्र गर्न लागिएको थियो ।

तर पछिल्लो वर्षदेखि उक्त खण्डमा निर्माण बन्द भई अलपत्र परेको छ । सडक डिभिजन कार्यालयले गत बिहीबार ठेक्का रद्द गरेपछि निर्माण थप अनिश्चित बनेको छ । सडक विस्तारको नाममा यात्रीलाई सास्ती दिने काम सरासर दण्डनीय हो । यस्तो काममा ढिलाइ गर्ने जोसुकैलाई कानुनी उपचार गराउनुपर्छ । कानुनी उपचारको व्यवस्था नभएमा निर्माण गरी कारबाहीको कठघरामा उभ्याउनुपर्छ ।

धुलिखेल आफैं पर्यटकीय नगरी हो । यहाँबाट जिपलाइन आउनेजाने पर्यटकलाईसमेत सडकका कारण सास्ती खेप्नुपरेको छ । यसले स्थानीय सर्वसाधारणको दैनिकीमा मात्र असर पारेको छैन । पर्यटन क्षेत्रमासमेत असर गरेको छ । नेपाली आकाश असुरक्षित भन्दै जसरी कतिपय पर्यटक सकडमार्गहुँदै भारतबाट भित्रन्छन्, त्यसैगरी अरनिको राजमार्ग भएर जाँदा जोखिम मोल्न चाहँदैनन् । यस्तो विषयलाई सामान्य मान्नु नै जनप्रतिनिधिदेखि सम्बन्धित निकायको कमजोरी हो । त्यसैले सबैले यो विषयमा जोड दिनु आजको आवश्यकता हो । सडक विभागले यो सडकखण्ड तदारुकताका साथ निर्माण गरोस् ।

# सामाजिक सञ्जाल विधेयकले 'जेन–जी'मा पर्ने असर



रचना बयलकोटी

> जेन–जी एउटा यस्तो पुस्ता जुन सबैभन्दा सामाजिक र सशक्त छ । यो पुस्ता डिजिटल प्लेटफर्म, सामाजिक सञ्जाल र अनलाइन अभिव्यक्तिमा अत्यधिक निर्भर छ । जेन–जीले सामाजिक सञ्जाललाई आफ्ना विचारहरु अभिव्यक्त गर्न, राजनीतिक बहस गर्न, आफ्नो आवाज उठाउन प्रयोग गर्दै आएका छन् । ब्लग, भिडियो, मिम्स, पड्कास्ट बनाउने काममा निकै सक्रिय रहेको यो पुस्तालाई यो विधेयकले भने खुम्च्याउन खोजेको देखिन्छ । यस्ता सामग्रीलाई नियन्त्रण गर्न खोज्दा जेन–जीको स्वतन्त्र सिर्जनात्मकता घट्न सक्छ ।

सामाजिक सञ्जाल विधेयक-२०८१ को दफा २७ को उपदफा २ को १ मा उल्लेख छ, सामाजिक सञ्जालमा आफ्नो प्रोफाइल नखुलाए तीन महिनासम्म कैद वा ५० हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने छ । छद्म, स्थायी वा अस्थायी समूह, पेज वा अन्य कुनै पनि प्रकारको आइडी खोली नेपालको सार्वभौम सत्ता, भौगोलिक अखण्डतामा खलल पुग्ने वा राष्ट्रिय हित प्रतिकूल हुनेगरी गलत वा भ्रामक सूचना सम्प्रेषण गरे प्रचलित कानुनबमोजिम पाँच वर्षसम्म कैद वा १५ लाख रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था विधेयकमा छ ।

गत माघ १५ गते संसद्मा पेस गरिएको यो सामाजिक सञ्जाल विधेयक-२०८१ ले साइबर बुलिङ, डिजिटल ठगी र भ्रामक प्रचार नियन्त्रण गर्न केही कठोर उपायहरू प्रस्ताव गरेको छ । जसको प्रत्यक्ष प्रभाव जेन-जी (सन् १९९७ देखि २०१२ सम्म जन्मेका पुस्ता) लाई पर्ने छ ।

जेन-जी एउटा यस्तो पुस्ता जुन सबैभन्दा सामाजिक र सशक्त छ । यो पुस्ता डिजिटल प्लेटफर्म, सामाजिक सञ्जाल र अनलाइन अभिव्यक्तिमा अत्यधिक निर्भर छ । जेन-जीले सामाजिक सञ्जाललाई आफ्ना विचारहरू अभिव्यक्त गर्न, राजनीतिक बहस गर्न, आफ्नो आवाज उठाउन प्रयोग गर्दै आएका छन् । ब्लग, भिडियो, मिम्स, पड्कास्ट बनाउने काममा निकै सक्रिय रहेको यो पुस्तालाई यो विधेयकले भने खुम्च्याउन खोजेको देखिन्छ । यस्ता सामग्रीलाई नियन्त्रण गर्न खोज्दा जेन-जीको स्वतन्त्र सिर्जनात्मकता घट्न सक्छ । आफ्नो प्रोफाइल लुकाएर भए पनि आफ्नो आवाज उठाइरहेका पुस्तालाई त यो विधेयकले आवाजविहीन नै बनाउने तयारी गरेको छ । सामाजिक सञ्जालको प्रयोग गर्न पनि डरको माहोल बन्ने छ । अझ भनौं डिजिटल प्लेटफर्ममा आफ्नो भविष्य बनाउँदै गरेका वा बनाउने सोचेका यो पुस्तालाई अंकुश लगाउने तयारीमा रहेको सरकारको कदमले जेन-जीलाई तर्साउन थालेको छ ।

आफैंमा अन्योल यो विधेयकले सर्वसाधारणलाई झन् अन्योलमा पारेको छ । विधेयकले झूठो वा भ्रामक सूचना फैलाउनेलाई कारबाही गर्ने उल्लेख गरेको छ । तर, सत्यता निर्धारण कसरी हुन्छ भन्ने स्पष्ट छैन । वर्ष १८ की स्वइच्क्षा भन्छिन्, 'सामाजिक सञ्जालमा बोल्नै नपाउने नियम ल्याउन राजनीतिक कूव्यवस्थालाई लुकाउन खोजेको जस्तो देखिन्छ । यो विधेयकले बोल्न पाउने स्वतन्त्रतालाई खुम्चाउन खोजेको छ । राजनीतिक दलहरूले देशलाई नै मजाक बनाइरहँदा हामीले मिम्स पनि बनाउन नपाउने ?'

उनले थपिन्, 'सामाजिक सञ्जालको माध्यमबाट भए पनि बलात्कृत महिलाहरूका लागि आवाज उठिरहेको छ । तर अब त यो पनि नपाइने रे ! यो त राणा शासनको जस्तो भयो । मनोरञ्जनका लागि पनि कयौं जेन-जीले सामाजिक सञ्जालको प्रयोग गरिरहेका छन् तर सरकारको यो कदमले यसमा नि गहिरो असर पर्ने छ ।'

सामाजिक सञ्जाललाई सूचनाको प्रमुख स्रोत मान्दै आएको जेन-जीले कुनै पनि खबर सबैभन्दा पहिले फेसबुक वा इन्स्टाग्रामबाट थाहा पाउँछन् । तर सामाजिक सञ्जाल विधेयकले यसलाई पनि असर पर्ने नै भयो । यदि सूचना दिने सामाजिक सञ्जाललाई नै खुम्च्याउने, प्रयोगकर्तालाई पनि प्रयोग गर्न रोक्ने भए अरु सबै समाचार माध्यम पनि बन्द गर्दा हुने २२ वर्षीया रञ्जन सिजख्वाको भनाइ छ । उनले भनिन्, 'मिडियालेभन्दा निष्पक्ष समाचार त सामाजिक सञ्जाल प्रयोगकर्ताले दिँदै आएका छन् । कुनै पनि राजनीतिक दलको दबाब र प्रभावमा नपरी निष्पक्ष सूचना दिने माध्यम सामाजिक सञ्जाल नै हो । तर यदि यसलाई नै रोक्ने भए हामीले आफ्नो कुरा राख्ने र अरुको कुरा सुन्ने अर्को माध्यम खोज्नुपर्छ । त्यसैले यो विधेयकले यस्ता कुरामा ध्यान दिन जरुरी छ ।'

यस्तै सामाजिक सञ्जाल खासगरी इन्स्टाग्राममा सक्रिय रहेकी २० वर्षीया कृपा खत्रीले आफ्नो प्रोफाइल नखुलाएमा मात्र तीन महिनासम्म कैद वा ५० हजार रूपैयाँसम्म जरिवाना रहेको विधेयकमा साइबर बुलिङ, साइबर क्राइमजस्ता आपराधिक गतिविधिका लागि भने जरिवाना कम भएको गुनासो गरिन् । 'सबैमा सबैको अगाडि बोल्न सक्ने, आफ्नो प्रतिभा देखाउन सक्ने क्षमता हुँदैन । उनीहरूले सामाजिक सञ्जालको माध्यमबाट भए पनि आफ्नो प्रतिभा देखाइरहेका छन् । कतिले राम्रो अवसर पनि पाइरहेका छन् तर यो विधेयकले यसलाई पनि प्रत्यक्ष असर गर्ने छ,' उनले भनिन्, 'यदि अब सामाजिक सञ्जालमा कसैको बारेमा नराम्रो बोल्न नपाइने हो भने राम्रो बोल्न पनि नपाउने व्यवस्था ल्याउनुपर्छ ।'

२५ वर्षीय अजय मगराती भन्छन्, 'सामाजिक सञ्जाल विधेयकले सबैभन्दा पहिले जेन-जीलाई प्रत्यक्ष वा अप्रत्यक्षरूपमा असर गर्ने छ । यदि संसद्बाट यो हुबहु पास भयो भने डिजिटल प्लाटफर्ममा आफूलाई प्रस्तुत गर्दै आएका, विभिन्न व्यक्ति समुदायका लागि आवाज उठाउँदै आएका व्यक्तिको मुख टालिने छ । राजनीतिक पहुँच नभए पनि राजनीतिक अव्यवस्था, राज्यका हितविपरीत गतिविधिको विरोधमा उत्रिएका यो पुस्ताले अब कुन माध्यम अपनाउने ?'

आफैंमा नखुलेको यो विधेयकले राम्रो नराम्रो सबैलाई सगोलमा राखेर जोखेको उनको बुझाइ छ । कसैको व्यक्तिगत फाइदाका लागि कुनै पनि विधेयक वा नियम ल्याउन नहुनेमा उनले जोड दिए ।

यो पुस्ता परिवर्तन चाहन्छ । जेन-जी आधुनिक प्रविधि बुझ्छन् । सामाजिक सञ्जाललाई आफूलाई प्रस्तुत गर्ने, आफ्नो आवाज उठाउने माध्यमको रूपमा प्रयोग गर्दै आएका जेन-जीलाई यस्ता विधेयकले दोधारमा पार्ने छ । त्यसैले, नीति निर्माण गर्दा युवा पुस्ताको डिजिटल जीवनशैलीलाई मध्यनजर गर्न आवश्यक छ । तर यसको मतलब जेन-जीजे जति गर्दै छन्, सामाजिक सञ्जाललाई जसरी प्रयोग गर्दै छन्, त्यो सबै ठीक छ भन्न पनि मिल्दैन । कसैले सामाजिक सञ्जालको दुरूप्रयोग गरी विभिन्न अपराध पनि गरिरहेका छन् । त्यस्ता कार्य रोक्न सरकारले चालेको कदमलाई गलत भन्न मिल्दैन ।

यो विधेयकमा राम्रा पक्षहरू पनि छन् । यो विधेयकले प्रयोगकर्ताहरूको व्यक्तिगत डेटा संरक्षण गर्ने उद्देश्य राख्छ । विधेयकले हानिकारक, मिथ्या र अश्लील सामग्रीहरू नियन्त्रण गर्ने प्रयास गर्न सक्छ । यसले गलत सूचना फैलाउने र अभद्र व्यवहारलाई रोक्न मद्दत गर्छ । विधेयकले प्रयोगकर्ताहरूलाई आफ्नो डेटा र सामग्रीको नियन्त्रण दिने अधिकार दिन सक्छ, सामाजिक सञ्जाल प्लेटफर्महरूले सरकारलाई आवश्यक जानकारी उपलब्ध गराउनुपर्ने र कानुनी प्रक्रियाहरूमा सहयोग गर्नुपर्ने नियमहरू लागू गर्न सक्छ । यो विधेयक सामाजिक सञ्जालको दुरूपयोग रोक्न र प्लेटफर्महरूलाई नियमन गर्न महत्त्वपूर्ण बन्न सक्छ ।

यदि सही तरिकाले कार्यान्वयन गरियो भने जेन-जीका लागि सुरक्षित डिजिटल वातावरण सिर्जना गर्न मद्दत हुनसक्छ । विधेयकले साइबर अपराध र गलत सूचनाको समस्या समाधान गर्न सक्छ, तर यदि नियमहरू अस्पष्ट र कठोर भए भने यसले जेन-जीको अभिव्यक्ति स्वतन्त्रता, डिजिटल करिअरमा नकारात्मक असर पार्न सक्छ । त्यसैले, नीति निर्माण गर्दा युवाहरूको विचारलाई समेत ध्यानमा राख्न आवश्यक छ । साथै सामाजिक सञ्जाल प्रयोग गर्ने जेन-जीले पनि मैले सामाजिक सञ्जालमा के लेख्दै छु, कसको बारेमा लेख्दै छु, के पोस्ट गर्दै छु र यसले अरुलाई कस्तो असर गर्छ भन्नेबारे सोच्न आवश्यक छ ।

आफ्नो अधिकार र अवसरको उचित प्रयोग गर्न जेन-जी आफैं पनि सजग हुनुपर्छ । अरुले दिएका सूचनालाई छानेर लिई कसले कस्तो सूचना दिँदै छन्, मैले कुन लिने र अरुलाई कुन दिने भन्नेबारेमा पनि उत्तिकै सचेत रहनुपर्छ । आफ्नो सामाजिक प्लेटफर्ममा प्रकाशित सामग्रीका लागि आफैं जवाफदेही हुनुपर्छ । यसरी, जेन-जीले पनि सामाजिक सञ्जालको प्रयोग र व्यवस्थापनमा ध्यान दिनुपर्छ ।

श्रम सरोकार

## पहिलोपटक वैदेशिक रोजगारीमा जाँदा यी कुरामा ध्यान दिऔं

वैदेशिक रोजगारीमा पहिलोपटक जाँदै हुनुहुन्छ भने विमानस्थलमा पुग्ने समयदेखि विभिन्न कुरामा ख्याल गर्नुपर्छ । अन्यथा दुःख पाइनुका साथै उडान नै छुट्ने जोखिम हुन्छ । साथै विमानस्थलमा अन्य विषयमा पनि ध्यान दिन जरुरी छ ।

विदेश जाँदा हवाइ टिकट हेरी उल्लिखित प्रस्थान समयभन्दा कम्तीमा तीन घण्टाअघि नै विमानस्थलमा पुग्नुपर्छ । वैदेशिक रोजगारमा जानेहरूका लागि अचेल त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अतिरिक्त चेकजाँच हुन्छन् र प्रायः भीडभाड नै हुने भएकाले यी चेकजाँचमा पनि धेरै नै समय लाग्दछ । टिकटमा तोकिएको तौल सीमाभन्दा बढी र जहाजमा बर्जित सामानहरू जस्तैः लाइटर, चक्कु, झोल कुरा, क्रिम, अल्कोहलजन्य पदार्थ, लागुऔषध तथा लेभल नलागेका शंकास्पद खाद्यसामग्री लैजानु हुँदैन ।

प्रतिबन्धित सामग्री भेटिएमा जेल सजायसमेत हुनसक्छ । एयरलाइन्सले टिकट, पासपोर्ट, भिसा सबै चेक गरेपछि बोर्डिङ पास दिन्छ र सामान तथा हाते ब्यागका लागिसमेत टचाग दिन्छ । यी टचागहरूलाई सुरक्षित राख्नुपर्दछ, सामान हराएमा यही टचाग देखाएर क्षतिपूर्ति लिन सकिन्छ । सबै कागजातहरू हाते ब्यागमा या हातैमा राख्नुपर्छ र जहाँ-जहाँ मागिन्छ तुरून्तै देखाउनुपर्दछ ।

कुनै पनि कागजातहरू केरमेट गरिएको हुनुहुँदैन । अरबी या अंग्रेजीबाहेकका विदेशी भाषाका डकुमेन्टहरू पहिल्यै अंग्रेजीमा (मान्यताप्राप्त अनुवादकबाट) अनुवाद गराइएको हुनुपर्दछ । विमानस्थलमा जाँदा र उत्रिँदा, अलमल नगरी, शिष्ट र सभ्य बनी लाइनमा उभिनुपर्छ र जाँचकी तथा सुरक्षाकर्मीले सोधेका प्रश्नहरूको स्पष्ट जवाफ दिँदै मागेका कागजात देखाउनुपर्दछ । अन्तिममा अध्यागमनका कर्मचारीले पासपोर्टमा 'डिपार्चर स्टचाम्प (छाप)' लगाइदिन्छन् र यही नै विदेश उडेको रेकर्ड पनि हुन जान्छ । यो छाप लागे नलागेको निर्क्योल गर्नुपर्छ ।

गन्तव्यमुलुकको विमानस्थलमा उत्रिएपछि त्यहाँको अध्यागमनको प्रक्रियाहरू पूरा गर्नुपर्दछ । रोजगारदाता कम्पनीको नाम, ठेगाना, सम्पर्क व्यक्ति र सम्पर्क नम्बरहरू मोबाइल नम्बरसमेत अनिवार्य लिनुपर्दछ । त्यहाँको नेपाली दूतावास साथै एनआरएनएजस्ता सहयोगी संस्थाका सम्पर्क नम्बर पनि लिएर जाँदा राम्रो हुन्छ ।





बैकुण्ठ भण्डारी

# ट्रम्पको सान जेलेन्स्कीमाथि अपमान !

पूर्वीय विचारधारा बोक्नेहरूले पाहुना देवतासरह मान्छन् । अझ नेपाली संस्कृतिअनुसार सधैंभरि अतिथि अर्थात् पाहुना देवता समान नै हुन्छन् । उपनिषद्मा मातृ देवो भवः, पितृ देवो भवः, आचार्य देवो भवः, अतिथि देवो भवः यसको मतलव माता, पिता, गुरूपछि अतिथिलाई देवता समान मानेको छ ।

दक्षिण एसियाको शक्तिशाली देश मानिएको भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले पटक-पटक अतिथिहरू जस्तोसुकै होउन्, भगवान्सरह हुन् भन्ने भाषण गर्ने गरेको डाँडाघरे ठूलबाले सुनाउँदै थिए । त्यसैबेला 'अम्रिका'को सेतो दरबारमा भने विश्वशक्तिको उन्मादमा रहेका राष्ट्रपति डोनाल्ड ट्रम्प र युद्धमा पिल्सिएको युक्रेनी राष्ट्रपति भ्लोदिमिर जेलेन्स्कीको भेटको प्रत्यक्ष प्रसारण सञ्चारमाध्यमहरूमा आइरहेको थियो ।

डाँडाघरे ठूलबा पनि त्यही हेर्दै दंग पर्दै ठूलाघरे कान्छालाई देखाउँदै थिए । ल हेर, देखिस् त ! अब भने त्यो युक्रेनमा पनि शान्ति हुने भो । ठूलो देश भनेको ठूलो नै हो नि । अप्ठेरोमा परेका बेला बोलाएर सहयोग गर्दै छ ।

डाँडाघरे ठूलबा, जेठो छोरोले बाइरोडको बाटो हुँदै, दिल्ली पुगेर मेक्सिकोको जंगलबाट अम्रिका पुगेको तीन वर्षपछि पठाइदिएको आइफोनको स्क्रिनमा ट्रम्पले जेलेन्स्कीलाई सेतो घरको मूलढोका पुगेरै स्वागत गरेको दृश्य हेर्दै थिए । ट्रम्पले जेलेन्स्कीलाई साहसी व्यक्ति भन्दै धाप मारेको कान्छालाई देखाउँदै- देखिस् त ? कति महान् छन् यी ट्रम्प ! भन्दै थिए ।

'सायद अम्रिकाको इतिहासमा यस्तो भेटको प्रत्यक्ष प्रसारण गरेको पहिलोपटक नै होला,' कान्छालाई ठूलबा भन्दै थिए, 'हाम्रो देशको काठमाडौंको मेयर बालेनको सिको गरे छ ट्रम्पले ! राम्रा कुरा त साना देशबाट पनि सिक्दा हुन्छ हैन त कान्छा ?' बूढा हाँस्दै थिए ।

सानो झुपडीमा बस्ने मान्छे तर नाम भने ठूलाघरे कान्छो । कान्छाको मन ठूलो थियो । त्यही भएर पनि होला सबैले ठूलाघरे कान्छा भन्थे । धन नभए पनि गाउँमा अलि बाठो नै थिए कान्छा । ठूलबाको आइफोनको 'स्क्रिन' मा दुई देशका राष्ट्रपति वार्तालाप गर्दै गरेको दृश्य नियालिरहेका थिए दुवै जनाले । सुरुमा दुवैका अनुहारमा चमक थियो । दुवैले साहसी काम गरेर सफल बनेपश्चात् भेटघाट गरिरहेको जस्तो भान हुन्थ्यो ।

दुवैले सँगसँगै आ-आफ्ना शक्तिशाली व्यक्ति राखेका थिए । वरपर नारदमुनिहरू क्यामरा तेर्स्याएर विश्वभर देखाइरहेका थिए । त्यही हेरिरहेका थिए ठूलबा र कान्छा । सुरुमा जुन सत्कार र अनुहारमा चमक थियो । क्रमशः दुवै जोसिँदै थिए ।

जब ट्रम्पका शक्तिशाली सहायकले जेलेन्स्कीलाई अलि होच्याउने प्रयास गरे । त्यसपछि सुरु भयो पाहुनामाथिका अपमान । केही मिनेट अघिसम्म सेतो दरबारको मूल ढोकामा स्वागत गर्दा साहसी व्यक्तिका रूपमा मानिएका जेलेन्स्की एक मिनेटमा नै मूर्खका रूपमा परिभाषित भएपछि पारो त तात्ने नै भयो नि । सानो देशको होस् या ठूलो देशको राजा त राजा नै हो नि ? राष्ट्रपति त राष्ट्रपति नै हो नि ! शक्तिको दम्भमा रहेका व्यापारी मनस्थितिका ट्रम्पले जेलेन्स्कीलाई जसरी अपमान गर्ने प्रयास गरे, जेलेन्स्कीले भने एक झट्का दिए- म पनि राष्ट्रपति हुँ ख्याल गर्नोस् ।

ट्रम्पलाई सुली हाल्दै थिए उनका उपराष्ट्रपति । समस्यालाई समाधान गर्नुको सट्टा आगोमा घिउ थप्दै थिए- 'त्यस्तो युद्धमा हामीले सहयोग गरेका थियौं । तिमीले राष्ट्रपतिलाई धन्यवादसमेत भनेनौं । लाज लाग्दैन तिमीलाई ?'

युवा जोस जाँगर युद्धको रणभूमिबाट पाहुनाका रूपमा आएका जेलेन्स्की के कम थिए र ? 'धन्यवाद पटक-पटक दिएको छु । सम्बन्धलाई व्यापारिक दृष्टिकोणले स्वार्थ बोकेर किमार्थ गरिन्न । म मेरो राष्ट्र र जनतालाई झुक्नेगरी कुनै पनि सम्झौता गर्दिनँ,' जेलेन्स्कीले जवाफ दिए । मिल्ने भए सायद ट्रम्पमाथि हात उठाउन सक्थे ।

शक्तिको उन्माद् चढेपछि अनि गलत सल्लाहकारको भुमरीमा फसेपछि के हुन्छ भन्ने कुरा ट्रम्पले विचार गरे कि गरेनन् । तर दुनियाँले युद्धमा लड्दालड्दै शिथिल भएको जेलेन्स्कीको स्वाभिमानलाई भने सलाम गर्दै थिए ।

छोराले अमेरिकाबाट पठाएको आइफोनमा दृश्य हेरिरहेका ठूलबालाई पनि रिसको पारो उठेछ कि क्या हो ! कान्छालाई भन्दै थिए- 'हैन कस्तो स्याल रै'छ हो यो ट्रम्प, अघिसम्म बहादुर भन्ने अहिले आफ्नो स्वार्थ नमिलेपछि मूर्ख बनाएर अपमान गर्ने ?'

ठूलबाको कुरा सुनेर कान्छोले भन्यो, 'हो नि ठूलबा । शक्ति, सत्ता सधैं कहाँ एकनासको हुन्छ र ? सबै आ-आफ्नो मान, स्वाभिमानमा बाँचेका छन् नि । त्यो ठूलो र शक्तिशाली छ भन्दैमा झुक्नैपर्छ । लम्पसार पर्नैपर्छ भन्ने छ र ? युद्धमा गलेको भए पनि राष्ट्रिय स्वाभिमान र प्रतिष्ठाका लागि चोर औंला देखाउने सान त जेलेन्स्कीमा देखियो त ! राष्ट्र र जनताका लागि यत्तिको नेतृत्व भयो भने देश कहिल्यै मर्दैन ठूलबा ।'

'कुरो ठीक गरिस् कान्छा । अघिसम्म त्यो ट्रम्पले जेलेन्स्कीलाई स्वागत गर्न गएको देखेर यसको छाती ठूलै रैछ । मन पनि ठूलै रैछ । सानै देशको भए पनि पाहुनालाई कति सम्मान गरेको भन्ने लागेको थियो । तर आफ्नो स्वार्थका लागि पो प्रयोग गर्न खोजेको रहेछ हेर त ?,' ठूलबा कान्छालाई भन्दै थिए ।

'उसलाई मन लागे ठीक मन नलागे बेठिक हुन्छ ? पद भनेको पद हो नि ! राष्ट्रपति त राष्ट्रपति नै हो नि, ठूलो देशको होस् कि सानो देशको,' कान्छो डाँडाघरे ठूलबालाई भन्दै थिए, 'जबसम्म नेतृत्वमा बस्ने मान्छे राष्ट्र र जनताका लागि काम गर्छ नि त्यो नेतृत्व कहिल्यै पनि झुक्नु पर्दैन । विश्वलाई जेलेन्स्कीले देखाइदिए त !'

'त्यो त हो कान्छा, तर के गर्नु हाम्रा देशका नेता कहिले उत्तर, कहिले दक्षिण गरेर लम्पसार पर्छन् । यसरी शिर ठाडो गरेर राष्ट्रियताको सवालमा खै र बोलेको ? देश कहाँबाट चलेको छ ? कसले चलाएको छ ? सबैलाई पद र शक्तिमात्र चाहिएको छ,' ठूलबाले भने ।

'त्यो त हो ठूलबा । जेलेन्स्कीलाई पनि त उसबेला युद्ध सुरु हुँदा अम्रिकाले 'हामी छौं साथमा' भन्दै उचालेको थियो त । त्यसबेला परिचालित त भएकै हो नि । खनिज खानी खानलाई पो सहयोग गरेको जस्तो गरेको रैछ । कुरो त अहिले छर्लंग भयो नि । हो हाम्रो देशमा लगानी गर्नेहरू पनि त्यस्तै हुन् । विनास्वार्थ गरेकै छैनन् । नेताहरू बेलैमा चेतेनन् भने ठूलो दुर्भाग्य हुन्छ,' कान्छो भन्दै थिए ।

ठूलबाले पनि कान्छालाई आइफोनको स्क्रिन देखाउँदै भने, 'एऽ कान्छा हेर हेर, ल... यो जेलेन्स्की त निस्कियो त ! पानीसमेत नपिएर ट्रम्पलाई चोर औंला ठड्याउँदै हिँड्यो त ?'

'हिँड्छ नि त ठूलबा । आफ्नो आत्मसम्मानमा ठेस लाग्नेगरी कसैले अपमान गर्न खोज्छ भने त्योसँग किन बस्ने ? शक्तिको शासन देखाएर मात्र हुन्छ ? सल्लाहकार अगतिला हुँदा ट्रम्पले आफ्नै सेतो दरबारभित्र पाहुनालाई अपमान गर्दा आफैं अपमान हुनु परेन । सिंह भनेको सिंह नै हो सानो जंगलको होस् कि घनाजंगलको होस् । शक्तिको देखाउँदै ट्रम्पले सान आफैंमाथि भएन त अपमान !,' कान्छो ठूलबालाई सम्झाउन थाल्यो ।

# हिमपातले विद्यार्थी बिरामी हुँदा पठनपाठन प्रभावित

**बागलुङ (प्रस)-** बिहीबारदेखि परेको हिमपातका कारण चिसो बढ्दा ढोरपाटन उपत्यका क्षेत्रका विद्यार्थी बिरामी परेका छन् । एउटै विद्यालयका ५० बढी विद्यार्थी बिरामी पर्दा पठनपाठन प्रभावित भएको हो । बागलुङको ढोरपाटन नगरपालिका-९ स्थित ज्योति विकास माध्यमिक विद्यालय र सिद्धबराह प्राथमिक विद्यालयका विद्यार्थी बिरामी परेका हुन् ।

ज्योति विकास माध्यमिक विद्यालयका १८३ जना विद्यार्थीमध्ये करिब १०० विद्यार्थीमात्रै पढ्न आएको प्रधानाध्यापक चकबहादुर अदैले जानकारी दिए । विद्यालय आएका विद्यार्थीहरू पनि ज्वरो र रूघाखोकीबाट ग्रसित बनेको उनको भनाइ छ । बिहीबार रातिदेखि नै ढोरपाटनमा हिउँ परेको थियो ।

विद्यालयमा बालबालिकालाई न्यायो बनाउने कुनै पनि सामग्री नहुँदा चिसो सिरेटाका कारण विद्यार्थी बिरामी परेको प्रधानाध्यापक अदैले सुनाए । बालबालिका बिरामी हुन थालेपछि विद्यालय नै बन्द गर्नुपर्ने स्थिति आउन सक्ने उनको भनाइ छ ।

चिसोका कारण गत पुस २० गतेदेखि बन्द भएको विद्यालय माघ २० गतेदेखि सञ्चालनमा आएको अदैले जानकारी दिए । 'गर्मी बढ्ने बेला हिउँ पर्‍यो, धेरै विद्यार्थी बिरामी परेर पठनपाठन प्रभावित बनेको छ, दुई दिन हिउँ पर्‍यो, चिसो सिरेटो चल्ने गर्छ, माथिल्लो डाँडामा अझै बाक्लो हिउँ छ,' अदैले भने, 'विद्यालयमा बालबालिकाको उपस्थिति कम हुँदै गएको छ, चिसोका बेला विद्यार्थीलाई न्यायो बनाउने सामग्री हुन्थ्यो भने पठनपाठन गर्न सहज हुन्थ्यो, चिसो ठाउँमा सिमेन्टका भवन छन्, त्यसले झन् चिसो हुन्छ ।' उनले कोठा चिसो हुँदा मैदानमै बसेर पढाउने गरेको भन्दै दिनभर चिसो सिरेटो चल्दा पठनपाठन गर्न समस्या भएको सुनाए । कक्षाकोठामा हिटरको व्यवस्थापन गर्न सके सहज हुने अदैको भनाइ छ ।

ढोरपाटन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत चिरञ्जीवी घिमिरेले पूर्वधार निर्माणबाहेक अरू केही नगरेको बताए । चिसो ठाउँमा बालबालिकालाई सुरक्षित साथ पठनपाठन गराउन न्यानो प्रदान गर्ने सामग्रीहरू उपलब्ध गराउन आवश्यक रहेको उनको भनाइ छ ।

# जैविक सुरक्षा नअपनाउँदा कुखुरामा ब्याक्टेरिया र भाइरसको समस्या

**चितवन-** यहाँको राष्ट्रिय पन्छी रोग अन्वेषण प्रयोगशालाले चितवनसहित १६ जिल्लाबाट संकलित नमूना परीक्षण गर्दा ब्याक्टेरिया र भाइरसको समस्या बढी देखिएको छ । जैविक सुरक्षाको अभावमा यी संक्रमण देखिएका हुन् ।

प्रयोगशालाले साउनयता छ महिनामा एक हजार २८५ किसानको दुई हजार १७५ कुखुराको शवपरीक्षण गरी रोगको परीक्षण गरेको थियो । कार्यालयका प्रमुख विजयकुमार श्रेष्ठका अनुसार वातावरणमा हुने ब्याक्टेरियाका कारण इकोलाई २९५, गम्बारो भाइरस १६८, सिआरडी ब्याक्टेरिया १५४, ढुसी (माइक्रोटक्सिन) ११२ र साल्मोनेला ब्याक्टेरिया ७२ वटामा देखिएको छ ।

यस्तै, एसआइटिस (पेटमा पानी जम्ने) ५९, सिसिआरडी ब्याक्टेरिया ४१, फाउल कलेरा (कुखुराको हैजा) २५, कक्सी डियोसिस (रातो छेर्ने) १९, जुका १४ र रानीखेत आठ वटामा देखिएको थियो । यही अवधिमा चारवटा खोरका 'ब्वायलर' कुखुरामा एच ९ देखिएको थियो । यी रोगका कारण शत्प्रतिशतसम्म मृत्यु हुने भएकाले जैविक सुरक्षा अपनाउनुपर्ने उनको भनाइ छ । रानी खेत, बर्डफ्लुजस्ता कारण सतप्रतिशत कुखुरा मर्ने गर्दछन् । गम्बारो २० प्रतिशत, एच ९ ले ५० प्रतिशत कुखुरा मर्ने भन्दै उनले समयमा नै सतर्कता अपनाउन कृषकहरूलाई सुझाव दिएको बताए । फार्ममा दाना, पानी, औषधि, भुसलगायत सामग्री लैजाँदा र अण्डा बाहिर पठाउँदा जैविक सुरक्षालाई कडाइका साथ अवलम्बन गर्नुपर्ने उनी बताउँछन् । बजारमा निःसंक्रमण गर्ने औषधि पाइने भएकाले फार्ममा आउने व्यक्ति र सवारीलाई पूर्ण निःसंक्रमण गर्नुपर्ने हुन्छ ।

मौसम परिवर्तनको समय भएकाले बर्डफ्लुकोसमेत उच्च जोखिम हुने हुँदा देशैभरका कुखुरापालक कृषकले ध्यान दिनुपर्ने श्रेष्ठको भनाइ छ । यस कार्यालयले देशैभरिका पन्छीका नमूना लिएर परीक्षण गर्ने गर्दछ । यस वर्षको पुससम्ममा बागमती, गण्डकी र लुम्बिनी प्रदेशका १६ जिल्लामा पालिएका पन्छीहरूको नमूना परीक्षण गरिएको उनले जानकारी दिए । धेरै कुखुरा चितवनमा पालिएको र कार्यालय यही भएकाले बढी नमूना चितवनका रहेका छन् । *रासस*

# अछाम दरबारको पुनर्निर्माण १६ वर्षमा सकियो

■ प्रभाव संवाददाता

**अछाम-** पुनर्निर्माण सुरु भएको १६ वर्षपछि अछाम दरबारको निर्माण कार्य सम्पन्न भएको छ । २०५८ फागुन ४ गते तत्कालीन विद्रोही माओवादीको आक्रमणमा जिल्लास्थित सरकारी कार्यालय रहेको दरबार ध्वस्त भएको थियो ।

सोमबार उपप्रधान तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले उक्त दरबारको उद्घाटन गरे । उनले प्रमुख जिल्ला अधिकारी शिवप्रसाद लम्सालमार्फत गृह मन्त्रालयलाई भवन हस्तान्तरण गरे । सहरी विकास मन्त्रालय मातहत दरबार निर्माण भएको हो ।

उपप्रधानमन्त्री सिंहले समग्र अछामको पहिचान बोकेको ऐतिहासिक दरबारलाई सदुपयोग र आउने पिढीलाई यसको महत्त्वबारे जानकारी दिनुपर्ने बताए । उनले दरबारको विकास र बाँकी संरचना निर्माणका लागि मन्त्रालयले आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।



दरबारको दुई करोड ४८ लाख रूपैयाँमा पुनर्निर्माण भएको हो । तीन तला रहेको यस दरबारमा काठको बढी प्रयोग गरी कलात्मक बनाइएको छ ।

## सबैला नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
सबैला, धनुषा
मधेश प्रदेश, नेपाल

### बिधुतीय बोलपत्र आह्वान सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति: २०८१/११/१९**

यस कार्यालयको आ.व. २०८१/०८२ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार पूर्वाधार बिकाश कार्यक्रम अन्तर्गतका तपसिलका योजनाहरू संचालन गर्नुपर्ने भएकोले उक्त निर्माण कार्य गर्न इच्छुक फर्म कम्पनीले तपसिल उल्लेखित सर्तहरूको अधिनमा रही रीतपूर्वक बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । यस सम्बन्धी सम्पूर्ण जानकारी प्राप्त गर्न www.bolpatra.gov.np/egp, यस कार्यालयको वेब साईट www.sabailamun.gov.np तथा सूचना पाटीमा हेर्न सकिनेछ ।

**तपसिल:**

| ठेक्का नं. | योजनाको नाम | बोलपत्र फारम दस्तुर (रू.) | जमानत रकम (रू.) | फारम खरिद अवधि | फारम दाखिला अवधि | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|
| SM/Works/SQ/081/082/02 | Construction of Community Hall Building | १०००/- | ४५०००/- | २०८१/१२/०६ दिनको १२:०० बजे सम्म | २०८१/१२/०६ दिनको १२:०० बजे सम्म | २०८१/१२/०६ दिनको २:०० बजे |
| SM/Works/SQ/081/082/04 | Construction of Ramjanaki Mandir Ward No.12 | १०००/- | ५००००/- | २०८१/१२/०६ दिनको १२:०० बजे सम्म | २०८१/१२/०६ दिनको १२:०० बजे सम्म | २०८१/१२/०६ दिनको २:०० बजे |

**प्रथम पटक प्रकाशित मिति: २०८१/११/१९**

| ठेक्का नं. | योजनाको नाम | बोलपत्र फारम दस्तुर (रू.) | जमानत रकम (रू.) | फारम खरिद अवधि | फारम दाखिला अवधि | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|
| SM/Works/SQ/09/081-082 | Adhuro Than tol Samudayik Bhawan Nirman, Compound wall tatha Mato purne ward No. 2 | १०००/- | ४९०००/- | २०८१/१२/०६ दिनको १२:०० बजे सम्म | २०८१/१२/०६ दिनको १२:०० बजे सम्म | २०८१/१२/०६ दिनको २:०० बजे |

## Bhadrapur Municipality
### Office of Municipal Executive
Bhadrapur-Jhapa
Koshi Province, Nepal

**Invitation for Bids (IFB): BDP/GOODS/KRISHI/2/081/82**
**Second date of publication: March 4, 2025 (2081/11/20)**

1. **Bhadrapur Municipality, Office of Municipal Executive, Bhadrapur-Jhapa** invites electronic bid from duly eligible and qualified registered bidders for the below mentioned work under NCB procedure. Some of the qualification criteria are mentioned below, though the details are in the bidding document. Bidding is open to all eligible national bidders.

| Contract No | Description of Works | Estimated amount (Without VAT) | Bid Security Amount (NRs.) |
|---|---|---|---|
| BDP/GOODS/KRISHI/2-1/081/82 | Supply, delivery of agricultural equipments. | **60,54,660.46** | 1,72,000.00 |

Name of the Bank: **Rastriya Banijya Bank, Bhadrapur,Jhapa**
Name of Office: **Bhadrapur Municipality, Office of Municipal Executive, Bhadrapur-Jhapa**
Office Code no.: **80101112**
Office Account no.: **2210100303000003 (For Security deposit)**

2. A complete set of Bidding documents may be downloaded from the PPMO E-Portal- www.bolpatra.gov.np/egp (e-GP II)
3. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
4. Bid document amounting of Nrs. 3,000.00 should be purchased online from https://sutrarevenue.fcgo.gov.np/ with revenue code no: 14229 or may be purchased from municipality office.
5. General Information related to Electronic Bids are:

| Last Date of Bid Submission | Bid Opening Date | Bid Validity Period | Bid Security Validity period |
|---|---|---|---|
| 2081/12/06, 12:00 at BDP Mun Jhapa | 2081/12/06, 1:00 PM at BDP Mun Jhapa | Minimum 90 days from the last date of bid submission | Minimum 30 days beyond the bid validity period. |

**Bhadrapur Municipality**
**Office of Municipal Executive**

## Sudurpashchim Province Government
### Ministry of Social Development
### Tikapur Hospital
Tikapur, Kailali, Nepal

### NOTICE FOR LETTER OF INTENT(LOI)
**(First Date of Publication: 4th March, 2025)**

This is to notify to all concerned bidders that, it is our intention to award the contract for execution of The Procurement of supply, delivery and installation of CT Scan Machine 64 Slice of the contract ID:TH/Kailali/ICB/Goods/01/2081-082, as substantially responsive lowest evaluated bidder.

| IFB No.: | Description | Name and Address of Successful Bidder | Total Amount (with VAT) in USD |
|---|---|---|---|
| TH/Kailali/ICB/Goods/01/2081-082 | The Procurement of supply, delivery and installation of CT Scan Machine 64 Slice | Balaji Surgical Suppliers, Dhangadhi, Kailali | 279,000 USD (Two hundred and Seventy nine thousand only) |

**Chief Medical Superintendent**

## CHAUDANDIGADHI MUNICIPALITY
### OFFICE OF MUNICIPAL EXECUTIVE
BELTAR, UDAYAPUR
KOSHI PROVINCE, NEPAL

### Invitation for Electronic Bids

Date of publication (Second time): **2081/11/20 (March 4, 2025)**

1. *Chaudandigadhi Municipality Office* invites electronic bids for the second time from Nepalese eligible bidders for following works:

**Work Details :**

| S. N. | Project Name and location | Bidding Type | Estimated Cost | Contract No. | Bid Security/ Bank Deposit: Amount NRs. | Bid Security/ Bank Deposit: Validity |
|---|---|---|---|---|---|---|
| 1. | Construction of Himali Sange Choyaling Gumba, Ward No. 7 | Sealed Quotation | 19,75,000.00 (Nineteen lakhs & Seventy-Five thousands) Inc. VAT | 04/SQ/081/082 | 50,000 | 2082/03/19 or July 3, 2025 |

2. **Date and Time Details:**

| Bid Submission Date & Time | Bid Opening Date & Time | Bid Document Cost NRs |
|---|---|---|
| On or before 12:00pm on 2081/12/06 (March 19,2025) | At 2:00 pm on 2081/12/06 (March 19, 2025) | 1,000 (One Thousand Only) |

3. **Bank and Contact Details:**

| Office Address | Rajaswo Account No. For Bid Document Fee | Dharauti Account No. For Bid Security |
|---|---|---|
| Beltar, Udayapur 035-440247 Er Santosh Rai (9851203678) | **Account No. :** 2370100301010002 **Name** : CHAUDANDIGADHI NA.PA.(GA-1-1)- AANTA **Bank Name :** Rastriya Banijya Bank, Beltar Branch | **Account No. :** 2370100303000002 **Name** : CHAUDANDIGADHI NA.PA.(GA-3)- DHARAUT **Bank Name :** Rastriya Banijya Bank, Beltar Branch |

**Chaudandigadhi Municipality Office**

# प्रभाव दैनिक

मंगलबार, २० फागुन २०८१ (Tuesday, March 04, 2025)



## रूपशाला

### सकियो 'हरिबहादुरको जुत्ता'को छायांकन

दीपेन्द्र के खनालको निर्देशन रहेको चलचित्र 'हरिबहादुरको जुत्ता'को छायांकन सकिएको छ । २९ दिनमा चलचित्रको सम्पूर्ण छायांकन (गीत बाहेक) सम्पन्न भएको हो । एसएम मोसन पिक्चर्सको ब्यानरमा निर्माण भएको चलचित्रमा सरोज ओली र मोहित वंश आचार्य निर्माताको रूपमा रहेका छन् । चलचित्रमा हरिवंश आचार्य, प्रकाश सपुत, स्वस्तिमा खड्का, राजाराम पौडेल, किरण केसी, हरिहर शर्मा, पार्वती अधिकारी, दिब्यदेब पन्त, तारा शर्मा, दिनेश काफ्ले, सिता न्यौपाने लगायतका कलाकारको अभिनय रहेको छ ।



# ओस्कारमा 'अनोरा' उत्कृष्ट



**काठमाडौं (प्रस)**– अमेरिकाको लस एन्जलसमा ओस्कर अवार्ड समारोहमा फिल्म 'अनोरा' ले आफ्नो दबदबा कायम गरेको छ । यौनकर्मीको कथामा आधारित फिल्म 'अनोरा' ले उत्कृष्ट चलचित्रको अवार्ड सहित पाँच विधामा ओस्कार अवार्ड जितेको छ ।

फिल्मकी अभिनेत्री मिकी म्याडिसनले उत्कृष्ट अभिनेत्रीको अवार्ड प्राप्त गरेकी छिन् । यस फिल्मका लागि शन बेकरले उत्कृष्ट निर्देशकको पुरस्कार पाए । यो फिल्मले उत्कृष्ट सम्पादनको अवार्ड पनि पाएको छ ।

अभिनेत्री म्याडिसनले अनोराको लागि ओस्कार जितेपछि हलिवुडमा परिवर्तनको सुरुवात गर्ने बताएकी छन् । उनले सम्पूर्ण यौनकर्मीहरूलाई आफ्नो अवार्ड समर्पित गर्दै यौनकर्मीहरूलाई आफ्नै क्षेत्रमा काम गर्ने कामदारको रूपमा सम्मान हुनुपर्ने बताएकी छन् ।

त्यस्तै उत्कृस्ट निर्देशकको अवार्ड जितेपछि शन बेकरलेले 'साँच्चै स्वतन्त्र फिल्म' बनाएको प्रतिक्रिया दिएका छन् । साथै उनले यस फिल्मलाई मान्यता दिएकोमा एकेडेमीलाई धन्यवाद दिएका छन् ।

फिल्मले उत्कृष्ट फिल्म, उत्कृष्ट निर्देशक, उत्कृष्ट अभिनेत्री, मौलिक पटकथा र सम्पादन गरी कुल पाँच अवार्ड जितेको छ । यस वर्षको ओस्कारमा, फिल्म द ब्रुटालिस्टले पनि तीन विधामा ओस्कार पुरस्कार प्राप्त गरेको छ भने फिल्म विक्डले दुई, एमिलिया पेरेजले दुई र ड्युनः पार्ट टुले दुई विधामा ओस्कार पुरस्कार प्राप्त गरेको छ ।

# भुवन र मेलिनाको स्वरमा 'सर्माइ भागेर' सार्वजनिक




■ प्रभाव संवाददाता

**काठमाडौं**– गायक भुवन श्रेष्ठ र मेलिना राईको स्वर रहेको गीत 'सर्माइ भागेर' को श्रव्यदृश्य सार्वजनिक गरिएको छ । जमलस्थित विश्वज्योति सिनेप्लेक्समा सोमबार आयोजित पत्रकार सम्मेलनमा अभिनेता पुष्प खड्का, अभिनेत्री सहारा कार्की र निर्देशक फिरोज तिमिल्सेनाले संयुक्त रूपमा सो गीत सार्वजनिक गरेका हुन् ।

निर्देशक तिमिल्सेनाले गायक श्रेष्ठले सुनाउँदा नै गीत मन परेकाले यसलाई श्रव्यदृश्य बनाएर सार्वजनिक गरिएको स्पष्ट गरे । उनले भने, 'केही समयदेखि म नेपाल बाहिर छु । हामी प्रवासमा रहे तापनि नेपाली गीतसङ्गीत र संस्कृतिप्रति अगाध माया छ । यसै सन्दर्भमा गायक श्रेष्ठले सुनाउनुभएको गीत मन परेपछि नेपाल आएर श्रव्यदृश्य बनाएर सार्वजनिक गर्ने सल्लाह भएबमोजिम आज पत्रकार सम्मेलन गरेका हौँ । यो गीत हेर्नेभन्दा पनि बढी सुन्ने किसिमको छ ।'

उनले मकवानपुरको कुलेखानी आसपासका दृश्यमा गीतको शब्दको भाव झल्किने किसिमले श्रव्यदृश्य तयार गरेको जानकारी दिए । यस गीतमा देखिएका अभिनेता खड्काले अभिनेत्री कार्कीसँग 'दर्पण छायाँ २' चलचित्रपछि काम गर्दा पुराना दिन स्मरण गरेको बताए ।

'हामी अभिनेता र अभिनेत्रीका हैसियतले एकै चलचित्रबाट आफ्नो अभिनय यात्राको सुरुआत गरेका थियौँ । आज आठ वर्षपछि पुनः गीतको श्रव्यदृश्यमा देखिन पाउँदा खुसी छु । अभिनेत्री कार्की र निर्देशक खड्का प्रवासमा रहेर पनि नेपाली गीतसङ्गीतप्रति लगाव राख्नुहुन्छ, यसमा उहाँहरूले देखाउनुभएको माया र सद्भाव अनुकरणीय छ,' अभिनेता खड्काले भने ।

अभिनेत्री कार्कीले सुरुआती चलचित्रमा काम गर्दा नै अभिनेता खड्कासँग सहज लागेको स्मरण गर्दै उनले भने, 'अभिनेता खड्कासँग काम गर्दा छुट्टै उत्साह थपिन्छ । उहाँको मेहनती स्वभावले म जस्तो नयाँ कलाकारलाई पनि काम गर्ने ऊर्जा मिल्छ । यो गीत सार्वजनिक नहुँदै मैले सुनिरहनेमध्येको एक थियो, त्यसकारण श्रव्यदृश्यमा अभिनय गर्न पाउँदा आफूलाई भाग्यमानी ठानेकी छु ।' गीतको श्रव्यदृश्यमा गीता अधिकारीले पनि अभिनय गरेकी छिन् । श्रव्यदृश्यमा अर्जुन तिवारीले छायांकन, विकास दाहालले सम्पादन, राजेन्द्र मोक्तानले रङ्ग संयोजन र ज्योति केसीले शृङ्गार गरेका छन् ।


# 'जनै हराएको बाहुन' भदौमा रिलिज हुने

■ प्रभाव संवाददाता

**काठमाडौं**– चलचित्र 'जनै हराएको बाहुन' आगामी हरितालिका तीज अर्थात् भदौ १० गते रिलिज हुने भएको छ । निर्माण युनिटले चलचित्रको एक ब्यानर सार्वजनिक गर्दै रिलिज मिति बाहिर ल्याएको हो ।

चलचित्रमा विजय बराल र मनिष राउत मुख्य भूमिका रहनेछ । आमा र छोराबिचको इमोस्नल कथा यो चलचित्रमा छ । 'जनै हराएको बाहुन'लाई हिमाल न्यौपानेले निर्देशन गर्नेछन् । उनले यसैबाट निर्देशनमा डेब्यु गर्न लागेका हुन् । चलचित्रको असोसियट निर्देशक 'प्रेमगीत ३' अभिनेता मनिष राउत छन् । जो मुख्य भूमिकामा पनि छन् । पेपर क्लिप प्रालिले निर्माण गर्न लागेको चलचित्रको कथा, पटकथा र संवाद भानुभक्त ढकालले लेखेका छन् । चलचित्रले गाउँबाट सहर आएको एक सामान्य व्यक्तिले भोग्नुपरेका अनपेक्षित परिस्थिति र त्यसले उनको जीवनमा ल्याएको परिवर्तनको कथालाई भन्नेछ ।

चलचित्रमा नवीन गुरुङ छायांकार, क्रियटिभ निर्देशक सम्राट महर्जन (ज्याक), भिएफक्स सुपरभाइजरको रूपमा मयंक निरौला रहेका छन् । यो वर्षको अन्त्यसम्ममा चलचित्र छायांकनमा जानेछ ।




## रंगशाला

## केपी ओली कप फुटबल

# आर्मीलाई हराउँदै मछिन्द्रको ह्याट्रिक



■ प्रभाव संवाददाता

**काठमाडौं**– विभागीय टोली त्रिभुवन आर्मी क्लबलाई हराउँदै मछिन्द्र फुटबल क्लबले तेस्रो केपी ओली कप पुरुष फुटबल च्याम्पियनसिपमा ह्याट्रिक गरेको छ । सोमबार भएको फाइनल खेलमा मछिन्द्रले विभागीय टोली त्रिभुवन आर्मी क्लबलाई २-० गोलअन्तरले पराजित गरेको हो ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालमा सम्पन्न फाइनल खेलको पहिलो हाफमा १-० गोलको अग्रता लिएको मछिन्द्रले दोस्रो हाफमा थप अर्को गोल गर्दै आर्मीलाई २-० गोलअन्तरले हराउन सफल भयो । जितसँगै मछिन्द्रले रु १५ लाख ११ हजार एक सय ११ तथा उपविजेता आर्मीले रु पाँच लाख पुरस्कार प्राप्त गरेको छ ।

खेलको पहिलो हाफको २९औँ मिनेटमा एन्ड्रेस नियाको पासमा आर्मीका विमल पाण्डेले आफ्नै पोष्टमा आत्मघाघी गोल गर्न पुगेका थिए । योसँगै मछिन्द्रले १-० गोलको अग्रता लिएको थियो । यस्तै दोस्रो हाफमा मछिन्द्रले खेलको ७२औँ मिनेटमा दोस्रो गोल गर्‍यो । मल्लिक युसुफले दिएको पासमा स्टेफन जमाहा जालीले गोल गरेका थिए ।

यसअघि मच्छिन्द्रले पहिलो खेलमा भुटानको ट्रान्सपोर्ट युनाइटेडलाई १-० गोलले तथा सेमिफाइनलमा आयोजक केपी ओली एफसीलाई ४-० गोलअन्तरले हराएको थियो । यस्तै आर्मीले भने पहिलो खेलमा नेपाल पुलिस क्लबलाई २-० गोलले तथा सेमिफाइनलमा संकटा क्लबलाई २-१ गोलअन्तरले हराएको थियो ।

मछिन्द्र र आर्मीबीचको फाइनल खेल हेर्न प्रधानमन्त्री केपी शर्मा ओली श्रीमती राधिका शाक्यका साथमा दशरथ रङ्गशाला पुगेका थिए ।

फाइनल खेल हेर्न इटालियन फुटबल टोलीका पूर्व कप्तान तथा गोलरक्षक जियानलुइजी बुफोन प्रमुख अतिथिका रूपमा उपस्थित भएका थिए । रङ्गशाला दर्शकले खचाखच भरिएको थियो । खेल सुरु हुनुअघि कलाकारहरूले साङ्गीतिक प्रस्तुति समेत पस्किएका थिए ।

राष्ट्रिय युवा सङ्घ नेपालको आयोजनामा केपी ओली कप फुटबल च्याम्पियनसिप यही फागुन ११ गतेदेखि सुरु भएको हो ।


Government of Bagamati Province

**Ministry of Water Supply, Energy, and Irrigation**

**Water Resources and Irrigation Development Division**

**Sindhulimadhi, Sindhuli**

## Notice for Financial Bid Opening

**Publication Date : 2081-11-20 B.S.(4th March, 2025)**

1. Pursuant to Clause 31(Ja)(5) of Public Procurement Regulation 2064 and ITB 25.7 of bid document, this is to notify to all concerned bidders that the list of successful bidders in the technical bid evaluation is provided below.

| S. N. | Construction/Rehabilation of Shakhamadi Chandaha Irrrigation Sub Project, Tinpatan-2, Sindhuli ( Contract No:IMEP/ Sindhuli/B-1a/CW-59) | S. N. | Construction/Rehabilation of Purwari Pachhiyari Irrigation Sub Project, Dudhauli -5, Sindhuli (Contract No:IMEP/ Sindhuli/B-1a/CW-60) |
|---|---|---|---|
| 1 | Tamang Marin Construction Pvt. Ltd, Dhurabajar, Sindhuli | 1 | Rautaha Construction Pvt. Ltd, Triyuga-2, Udayapur |
| 2 | Paradise Builders Pvt. Ltd, Jwagal-10, Lalitpur | 2 | Paradise Builders Pvt. Ltd, Jwagal-10, Lalitpur |
| 3 | SBA Nirman Sewa Pvt. Ltd., Sukedhara, Kathmandu | 3 | SBA Nirman Sewa Pvt. Ltd., Sukedhara, Kathmandu |
| 4 | Prithivi Engineers and Builders Pvt. Ltd, Battisputali, Kathmandu | 4 | Prithivi Engineers and Builders Pvt. Ltd, Battisputali, Kathmandu |
| 5 | N.K-Pratibha J/V, Kamalamai Na Pa-9, Sindhuli | 5 | Aman International Trade Link Pvt. Ltd, Talchikhel, Kathmandu |
| 6 | Mrit Sanjiwoni/Pratiksha JV,Makawanapurgadhi-7, Makawanpur | 6 | S.A.S Construction Pvt. Ltd, Biratnagar-16, Morang |
| 7 | Bhujel/Om JV, Okhaladhunga | 7 | K.M-Bhujel JV, Okhaladhunga |
| 8 | S.A.S Construction Pvt. Ltd, Biratnagar-16, Morang | 8 | Jagadamba Nirman Company Pvt. Ltd., Kathmandu |
| 9 | Bijay Structure Pvt. Ltd, Banepa, Kabhrepalanchok | 9 | Pashupati Nirman Sewa Pvt. Ltd, Dipendranagar-10, Bharatpur |
| 10 | Jeevan Construction-Pulami Nirman JV, Kamalamai-9, Sindhuli | 10 | Safal Builders Company Pvt. Ltd., Hetauda-2, Makawanpur |
| 11 | Mallarani Construction Pvt. Ltd, Khalanga, Pyuthan | | |
| 12 | Srijana Nirman Sewa, Bhimasthan-2, Sindhuli | | |
| 13 | Siddhakali Nirman Sewa, Manthali-2, Ramechhap | | |
| 14 | Pashupati Nirman Sewa Pvt. Ltd, Dipendranagar-10, Bharatpur | | |
| 15 | Safal Builders Company Pvt. Ltd., Hetauda-2, Makawanpur | | |

2. All bidders qualified in the technical bid evaluation are hereby notified to send their authorized representative for the financial bid opening. The details of financial bid opening are as:

**Date** : 2081-11-27 B.S. (March 11, 2025 A.D.) **Time** : 12:00 Noon
**Venue** : Water Resources and Irrigation Development Division, Sindhulimadhi, Sindhuli

**Division Chief**



इस्लामिक पवित्र रमजान महिनाको अवसरमा नाब्लसको वेस्ट बैंक सिटीस्थित बजारमा स-साना लाल्टिन प्रदर्शन गर्दै बालिकाहरू । *तस्बिरः सिन्ह्वा*

# ग्यारेन्टीविना युद्धविराम 'असफल हुने छ' : जेलेन्स्की

**लण्डन-** युक्रेनका राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले बेलायती मिडियालाई मित्रराष्ट्रहरूले युद्धविरामको आह्वान गरेपछि उनको देशका लागि सुरक्षा ग्यारेन्टीविनाको युद्धविरामले रुसको आक्रमणको दीर्घकालीन अन्त्य नल्याउने बताएका छन् ।

लण्डनमा युरोपेली मित्रराष्ट्रहरूसँगको वार्तापछि आइतबार पत्रकार सम्मेलनमा जेलेन्स्कीले युद्धविरामले युद्ध अन्त्य गर्ने विचारलाई 'पर्याप्त नभएको' भन्दै खारेज गरे । आइतबारको संकट शिखर सम्मेलनपछि फ्रान्सेली राष्ट्रपति इम्मानुएल म्याक्रोनले फ्रान्स र बेलायतले युक्रेनमा 'हावामा, समुद्रमा र ऊर्जा पूर्वाधारमा' एक महिनाको युद्धविरामको प्रस्ताव गरिरहेको बताए । यद्यपि यसले सुरुमा कम्तीमा जमीनी लडाइँलाई समेट्दैन ।

'यदि युक्रेनलाई गम्भीर सुरक्षा ग्यारेन्टीविना युद्धविरामका लागि बाध्य पारिएमा यो सबैका लागि एक असफलता हुने छ,' जेलेन्स्कीले बेलायतबाट प्रस्थान गर्नुभन्दा केही समयअघि पत्रकारहरूलाई भने । उनले रुसले सम्झौता तोड्ने र युक्रेनले जवाफी कारबाही गर्ने अनुमान गरे ।

'कल्पना गर्नुहोस्, एक हप्तापछि रुसीहरूले हामीलाई प्रहार गर्ने छन् र हामी उनीहरूतर्फ गोली चलाउने छौं, पूर्णरूपमा बुझ्न सकिन्छ र यो के हुने छ ?,' कसले पहिलो गोली चलायो भन्नेबारे वर्षौंको झगडाको अनुमान गर्दै उनले भने, 'यसबाट कसलाई फाइदा हुने छ ? रुसीहरूलाई, तर निश्चित रूपमा हामीलाई होइन ।'

आइतबारको वार्तालाई 'धेरै शक्तिशाली सुरुआत' भनेर वर्णन गर्दै जेलेन्स्कीले भने, 'आगामी हप्ताहरूमा वार्ताहरूले अधिक कार्यान्वयनयोग्य योजना र युक्रेनको सुरक्षा ग्यारेन्टीहरू कस्तो देखिनसक्छ भन्नेबारे राम्रो बुझाइ प्रदान गर्ने छ ।'

शुक्रबार वासिङ्टनमा भएको क्रोधित मुठभेडका क्रममा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उपराष्ट्रपति जेडी भान्सले जेलेन्स्कीलाई 'कृतज्ञ' नभएको र उनीहरूको प्रस्तावित युद्धविराम सर्तहरू स्वीकार गर्न अस्वीकार गरेको आरोप लगाए । यद्यपि जेलेन्स्कीले आफूलाई सुरक्षा ग्यारेन्टी चाहिएको बताए । विवादास्पद बैठकको परिणामस्वरूप जेलेन्स्की युक्रेनी खनिज अधिकारहरू साझा गर्नेबारे प्रारम्भिक सम्झौतामा हस्ताक्षर नगरिकन ह्वाइट हाउस छाडे ।

त्यसपछि केही वरिष्ठ अमेरिकी रिपब्लिकनहरूले जेलेन्स्कीले राजीनामा दिनुपर्ने सुझाव दिए । 'हामीलाई एउटा नेता चाहिन्छ जसले हामीसँग व्यवहार गर्न सक्छ, अन्ततः रुसीहरूसँग सम्झौता गर्न सक्छ र यो युद्धको अन्त्य गर्न सक्छ,' राष्ट्रिय सुरक्षा सल्लाहकार माइक वाल्ट्जले सिएनएनलाई भने ।

जेलेन्स्कीले आइतबार उनलाई प्रतिस्थापन गर्न सजिलो नहुने बताए तर आफ्नो युद्धग्रस्त देशका लागि नाटो सदस्यताको बदलामा पदबाट हट्ने आफ्नो प्रस्ताव दोहोऱ्याए । 'यदि उनीहरूले मलाई प्रतिस्थापन गर्छन् भने जे भइरहेको छ त्यो हेर्दा, समर्थन हेर्दा, मलाई केवल प्रतिस्थापन गर्नु सरल हुने छैन,' जेलेन्स्कीले भने, 'केवल चुनाव गर्नु पर्याप्त छैन । तपाईंले मलाई उम्मेदवार हुनबाट पनि रोक्नुपर्छ । यो केही बढी कठिन हुने छ । यस्तो देखिन्छ कि तपाईंले मसँग वार्ता गर्नुपर्ने छ, अनि मैले भनेँ कि म नाटोका लागि साटासाट गर्दै छु। त्यसपछि मैले मेरो लक्ष्य पूरा गरें ।'

जेलेन्स्कीले शान्तिकालमा सन् २०२४ को चुनावको सामना गर्नुपर्ने थियो भन्दै रुसले जेलेन्स्की वैध राष्ट्रपति नभएकामा बारम्बार जोड दिएको छ । युक्रेनको मार्शल लले चुनाव आयोजना गर्न कानुनी प्रतिबन्ध लगाएको छ । *रासस/एएफपी*

# रुसविरुद्धको साइबर गतिविधिसम्बन्धी कारबाही रोक्न अमेरिकी रक्षा प्रमुखद्वारा निर्देशन

**वासिङ्टन-** अमेरिकी रक्षामन्त्री पीट हेगसेथले रुसविरुद्धको साइबर कारबाहीलाई रोक्न आदेश दिएको अमेरिकी सञ्चारमाध्यमले जनाएका छन् । न्युयोर्क टाइम्सका अनुसार यो आदेश मस्कोविरुद्ध अमेरिकी कारबाहीको समग्र पुनर्मूल्यांकनको एक हिस्सा हो ।

एएफपीले सोधेको प्रश्नमा पेन्टागनले कुनै टिप्पणी गर्न अस्वीकार गरेको छ । 'परिचालन सुरक्षा चिन्ताका कारण हामी साइबर इन्टेलिजेन्स, योजना वा कारबाहीबारे टिप्पणी गर्दैनौं र छलफल पनि गर्दैनौं,' एक वरिष्ठ रक्षा अधिकारीले भने, 'साइबर डोमेन समावेश गर्न सबै अपरेसनहरूमा 'वारफाइटर'को सुरक्षाभन्दा रक्षामन्त्री हेगसेथको ठूलो प्राथमिकता छैन ।'

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेनमा युद्ध अन्त्यका लागि वार्ताका लागि दबाब दिइरहेका बेला र ह्वाइट हाउसमा भएको बैठकमा अमेरिकी नेताले आफ्ना युक्रेनी समकक्षी भोलोदिमिर जेलेन्स्कीको आलोचना गरेको केही दिनपछि यो परिवर्तन आएको हो । पश्चिमा देशहरूले क्रेमलिनले युक्रेनको समर्थनलाई कमजोर पार्ने उद्देश्यले शृंखलाबद्ध घटनाहरूको योजना बनाएको आरोप लगाएका छन् ।

यसैबीच, ट्रम्पले आफूलाई रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र जेलेन्स्कीबीचको मध्यस्थकर्ताको रूपमा प्रस्तुत गर्दै पुटिनसँग सम्बन्ध गाँस्ने क्रममा किएभ र युरोपलाई किनारा लगाएका छन् । 'हामीले पुटिनको बारेमा चिन्ता गर्न कम समय बिताउनुपर्छ,' ट्रम्पले आइतबार राति आफ्नो 'ट्रुथ सोसल प्लेटफर्म'मा लेखेका छन् ।

अमेरिकी राष्ट्रिय सुरक्षा सल्लाहकार माइक वाल्ट्जले आइतबार सिएनएनसँगको कुराकानीमा रुससँगको सम्बन्ध पुनः खोल्ने विषयमा कुरा गर्दै साइबर नीति परिवर्तनको खबरको खण्डन गरेका छन् । वाल्ट्जले भने, 'यो हाम्रो छलफलको हिस्सा भएको छैन । यस युद्धको अन्त्य गर्न सबै प्रकारका दण्ड र पुरस्कारहरू लागू हुने छन् ।' *रासस/एएफपी*

# आज आफ्नो योजना संसद्मा पेस गर्दै ट्रम्प



**वासिङ्टन-** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आज कंग्रेसको संयुक्त सत्रलाई सम्बोधन गर्दै छन् । उक्त अवसरमा उनले अमेरिकी राष्ट्रपतिका रूपमा संयुक्त राज्य अमेरिका र विश्वका लागि आफ्नो दृष्टिकोण प्रस्तुत गर्ने छन् ।

सन् २०२० को चुनावमा पराजयपछिको चार वर्षपछि अमेरिकी संसद् भवनमा हुने उनको यो पहिलो सम्बोधन हो । रिपब्लिकन राष्ट्रपतिले आफ्नो कार्यकालको पहिलो ४३ दिनमा जारी गरिएको कार्यकारी आदेशको पुनरावलोकन गर्ने र बाँकी एक हजार ४१९ दिनको खाका पेस गर्ने अपेक्षा गरिएको छ ।

अलाबामाका सिनेटर तथा पूर्वफुटबल प्रशिक्षक टोमी टचुबरभिलले इन्स्टाग्राममा भनेका छन्, 'राष्ट्रपति ट्रम्पले आफ्नो प्रशासनको अहिलेसम्मको जितलाई उजागर गर्ने र आगामी चार वर्षका लागि 'गेम प्लान' प्रस्तुत गर्ने छन् ।'

'एउटा कुरा निश्चित छ, यो पूर्वराष्ट्रपति जो बाइडनको नेतृत्वमा विगत चार वर्षमा हामीले भोगेको 'जोकर शो'भन्दा धेरै फरक हुने छ,' रिपब्लिकन सांसद टचुबरभिलले भने ।

**प्रतिविम्ब परिवर्तन**

ट्रम्पले आफ्ना अर्बपति सल्लाहकार एलन मस्कसँग मिलेर राष्ट्रपतिको 'मेक अमेरिका ग्रेट अगेन' एजेन्डा कार्यान्वयन गर्न कडा र छिटो प्रयास गर्ने आशय देखाइसकेका छन्, चाहे यसको अर्थ उनको अधिकारको संवैधानिक सीमाको परीक्षण गर्नु वा सहयोगीहरूसँगको सम्बन्धलाई तनावपूर्ण बनाउनु नै किन नहोस् ।

पदभार ग्रहण गरेदेखि नै ट्रम्पले एकतर्फी रूपमा संघीय निकायहरू विघटन गर्ने, हजारौं सरकारी कर्मचारीहरूलाई बर्खास्त गर्ने र क्युबाको ग्वान्टानामो बेस्थित अमेरिकी सैन्य शिविरमा कागजातविहीन आप्रवासीहरूलाई राख्न थालेका छन् । उनले क्यानडालाई गाभ्ने, आवश्यक परेको खण्डमा आर्थिक बल प्रयोग गर्ने र संयुक्त राज्य अमेरिकालाई बलियो बनाउन युरोपेली संघ गठन गरिएको दाबीसमेत गरेका छन् ।

शुक्रबार ओभल अफिसमा राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीसँग ट्रम्पको असाधारण चर्काचर्कीमा उनले आफ्ना युक्रेनी समकक्षीको आलोचना गरेका थिए यो अमेरिकी प्रतिविम्ब परिवर्तनको पछिल्लो उदाहरणमात्र थियो । *रासस/एएफपी*

# इजरायलमा छुरा प्रहारबाट एक जनाको मृत्यु

**हाइफा, इजरायल-** इजरायलको हाइफा सहरको एक यातायात स्टेसनमा सोमबार भएको छुरा प्रहारबाट एक जनाको मृत्यु हुनुका साथै कयौं घाइते भएका स्थानीय अस्पतालका चिकित्सकले बताएका छन् । गत जनवरी १९ मा गाजामा इजरायल र प्यालेस्टिनी लडाकू समूह (हमास) बीच भएको युद्धविरामपछि इजरायलमा भएको यो पहिलो घातक आक्रमण हो ।

गाजा युद्धविरामको पहिलो चरणको वार्ता सप्ताहन्तमा समाप्त भई दुई पक्षबीच वार्ता रोकिएको बेला उक्त आक्रमण भएको हो । इजरायलको 'म्यागेन डेभिड एडोम' नामक आपत्कालीन सेवाले भनेको छ, 'मेडिकल टोलीले अन्दाजी ७० वर्षीय एक व्यक्तिको मृत्यु भएको घोषणा गरेको छ र चार जना घाइतेलाई उद्धारपछि उपचार गरिरहेको छ ।'

घाइतेमध्ये अन्दाजी ३० वर्षीय एक पुरुष र एक महिला तथा १५ वर्षीय बालकको अवस्था गम्भीर रहेको छ । उनीहरू अझै खतरामुक्त भइनसकेको बताइएको छ । इजरायली प्रहरीले इजरायल-प्यालेस्टाइन द्वन्द्वसँग सम्बन्धित व्यक्तिहरूलाई 'आतंकवादी' आक्रमणको संज्ञा दिए पनि सोमबारको आक्रमणमा संलग्न अपराधीको पहिचान भने हुन सकेको छैन । आक्रमणकारीले सुरुमा नै गोली चलाएको बुझिएको प्रहरीले जनाएको छ ।

घाइतेहरूलाई बाहिर निकालेपछि त्यहाँ पुगेका एएफपीका पत्रकारहरूले आक्रमणकारीको शव कम्बलमुनि भुइँमा देखेको बताए । उत्तरी इजरायलको ठूलो तटीय सहर हाइफाको बस र रेल स्टेसनमा आक्रमण भएको हो ।

युद्धविराम लम्ब्याउने विषयमा हमाससँग असहमति भएपछि इजरायलले आइतबार गाजामा मानवीय सहायता प्रवेशमा रोक लगाएको थियो । *रासस/एएफपी*

# अस्पताल भर्ना भएका पोपको अवस्था स्थिर

**रोम-** पोप फ्रान्सिसको स्वास्थ्य अवस्था स्थिर रहेको जानकारी दिएको एक दिनपछि भ्याटिकनले सोमबार अस्पतालमा १७औं रात बिताएको र उनले उपचारबाट आराम महसुस गरिरहेको जनाएको छ । अर्जेन्टिनामा जन्मिएका क्याथोलिक चर्चका प्रमुख पोपलाई 'ब्रोन्काइटिस'का कारण फेब्रुअरी १४ मा रोमको जेमेली अस्पतालमा भर्ना गरिएको थियो । उपचारका क्रममा उनलाई निमोनियासमेत देखिएको थियो । शुक्रबार श्वासप्रश्वासमा समस्या देखिएपछि सम्बन्धित उपचार भएको र शनिबार उनको अवस्था 'स्थिर' रहेको भ्याटिकनले बताएको छ ।



'पोपले रातभर आराम गर्नुभयो,' क्याथोलिक चर्च र भ्याटिकन सिटीको प्रशासनिक निकाय (होली सी) ले सोमबार बिहान जारी गरेको संक्षिप्त अपडेटमा भनिएको छ । विश्वका करिब एक अर्ब ४० करोड क्याथोलिक धर्मावलम्बीका नेतालाई शुक्रबार र शनिबार 'नन इन्भेसिभ मेकानिकल भेन्टिलेसन' अर्थात् भेन्टिलेसन मास्कको आवश्यकता परेको र अझै पनि धेरै मात्रामा अक्सिजन लिइरहेको भ्याटिकनले आइतबार जनाएको छ ।

उनलाई ज्वरो नआएको र आइतबार बिहान उनले सामूहिक जमघटमा भाग लिएको थियो र बाँकी दिन प्रार्थनासँगै आराम गरिरहेका थिए ।

भ्याटिकन स्रोतका अनुसार शुक्रबारको संकटको ४८ घण्टा बितिसक्दा पनि यो घटनाबाट थप कुनै परिणाम नआएको देखिएको छ । यद्यपि, होली सीद्वारा जारी वक्तव्यमा भनिएको छ, 'उहाँको स्वास्थ्यको रिपोर्टमा देखिएको जटिलतालाई ध्यानमा राख्दै उहाँको स्वास्थ्यमा सुधारसम्बन्धी केही निष्कर्ष निकालिहाल्न सम्भव छैन ।'

फ्रान्सिसले आइतबार भ्याटिकनका विदेशमन्त्री इटालियन कार्डिनल पिएत्रो पारोलिन र भेनेजुएलाका आर्कविशप एडगर पेना पारासँग सामान्य कुराकानी गरेका थिए ।

मार्च २०१३ देखि पोप रहेका 'जेसुइट'को जेमेलीको १० औं तल्लामा पोपका लागि छुटचाइएको विशेष 'सुइट'मा उपचार भइरहेको छ । जर्ज बर्गोग्लियोमा जन्मेका फ्रान्सिसले लगातार तेस्रो आइतबार एन्जेलसको परम्परागत प्रार्थनामा सहभागी भएनन् तर प्रार्थनामा पोपद्वारा लिखित सन्देश पढेर सुनाइएको थियो ।

सन्देशमा पोपले प्रार्थनाका लागि शुभचिन्तकहरूलाई धन्यवाद दिँदै भनेका छन्, 'म तपाईंहरूको सबै स्नेह र घनिष्ठता महसुस गर्छु र यस विशेष समयमा, मलाई लाग्छ कि मलाई सबै परमेश्वरका भक्तहरूले 'बोकेका' छन् र समर्थन गरेका छन् । तपाईंहरू सबैलाई धन्यवाद ।' *रासस/एएफपी*


## साउदीमा रोजगार

कम्पनी : INFRASTRUCTURE HORIZON CONTRACTING COMPANY.

पूर्व स्वीकृति मिति : २०८१/११/१८ | LT. No. 319639 | चलानी नं. ६०२३३८८३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Unloading Workers | 25 | 0 | 1000 | ३७,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन २७ गते (11th Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

WORKFORCE SERVICES PVT. LTD.
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम ईजाजत नं. १७२/०५६/५७

## मलेसियामा रोजगार

कम्पनी : X-SCAN ARMGUARD SECURITY SDN BHD

पूर्व स्वीकृति मिति : २०८०/१२/१२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/११/१९ | LT. No. 302292 | चलानी नं. ६०२१७३७०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 75 | 0 | 1500 | ४६,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत्र १० गते (23rd Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

White Horse International Pvt. Ltd.
Govt. License 966/067/68
New Baneshwor, Kathmandu, Nepal, Tel No: +977-1-4791108, 4792040, E-mail: wh.adm77427@gmail.com

## Aadarsha Rural Municipality
## Office of the Rural Municipal Executive
## Mauwa-Nagardah, Doti

**Invitation for Bids**

**First Date of Publication:- 04-March-2025 (2081/11/20)**

1. Aadarsha Rural Municipality, Mauwa-Nagardah, Doti invites electronic bids from Nepalese eligible bidders for the construction of following projects given in the table below under National Competitive Bidding procedures.

| S.N. | Contract Identification Number | Description of Work | Total Project Cost Excluding VAT & PS (NRs) | Bid Security (NRs) | Bid Document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | ARM /NCB/ WORKS/081-082/05 | Constrution of Bhairav Temple of Aadarsha Rural Municipality, 01, Doti | 3,960,446.76 | 1,15,000/- | 3000/- | Only e-bid |

2. Eligible Bidders may obtain further information at the Aadarsh Rural Municipality, Mauwa-Nagardah, Doti www.aadarshamun.gov.np, and inspect the Bidding Documents from PPMO e-GP system www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - १६८१०० | प्रति तोला - ० | प्रति तोला - १९१५ |

## उच्चस्तरको दुग्ध प्रशोधन केन्द्र स्थापनामा सहयोग गर्न आग्रह



■ प्रभाव संवाददाता

**काठमाडौं–** कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले काठमाडौंमा उच्चस्तरको दुग्ध प्रशोधन केन्द्र स्थापनामा सहयोग गर्न जापान सरकारसँग आग्रह गरेका छन् ।

नेपालका लागि जापानका राजदूत मायडा तोरुले सिंहदरबारस्थित मन्त्रालयमा मन्त्री अधिकारसँग गरेको भेटमा उनले नेपालले दुग्ध क्षेत्रको विकासमा धेरै प्रगति गरे पनि प्रशोधन केन्द्रको आवश्यकता रहेको भन्दै सहयोगका लागि आग्रह गरेका हुन् ।

मन्त्री अधिकारीले जापानले नेपालको कृषि क्षेत्रको विकासमा महत्वपूर्ण सहयोग गर्दै आएको उल्लेख गर्दै आगामी दिनमा कृषिको आधुनिकीकरणका लागि पनि थप सहयोगको अपेक्षा गरिएको बताए । 'जापानले प्रविधिको प्रयोगमार्फत गरेको उत्पादन वृद्धि र यसले समग्र कृषिको क्षेत्रमा पुऱ्याएको उपलब्धि महत्वपूर्ण छ, कृषि क्षेत्रमा जापानले गर्दै आएको प्रयोग नेपालले पनि सिक्न जरुरी रहेकाले प्राविधिक ज्ञानका लागि सहकार्य गर्न सकिन्छ, अहिले पनि जापानी स्वयम् सेवकहरूले मन्त्रालय मातहतका विभिन्न कार्यलयमार्फत सहयोग गरिरहेका छन्, यसमार्फत जापानमा प्रचलित कृषिको अभ्यास नेपालीले सिक्ने मौका प्राप्त भएको छ', मन्त्री अधिकारीले भने ।

नेपालले कृषिमा लगानी दशक घोषणा गरी लगानी भित्र्याउने नीति लिएको उल्लेख गर्दै उहाँले जापानी लागानीकर्तालाई पनि नेपालमा लगानीका लागि सहजीकरण गरिदिन राजदूतसमक्ष आग्रह गरे । आगामी वर्ष नेपाल जापान कूटनीतिक सम्बन्ध स्थापना भएको ७०औं वर्ष पुग्दैछ । उक्त अवसरमा जापानबाट प्राप्त भइरहेको निःस्वार्थ सहयोग अझ वृद्धि हुनेमा मन्त्री अधिकारीले विश्वास व्यक्त गरे । भेटवार्तामा जापानी राजदूत तोरुले नेपालको कृषि क्षेत्रमा धेरै सम्भावना रहेकाले कृषि क्षेत्रमा हाल जारी सहयोगलाई निरन्तरता दिइने बताए । आगामी दिनमा सहयोगका थप सम्भावनाको अध्ययन गर्ने प्रतिबद्धता पनि उनले व्यक्त गरे ।

जापानले कृषि क्षेत्रको विकासमा उपकरणको प्रयोगलाई महत्व दिएको उल्लेख गर्दै नेपालले पनि कृषिमा आधुनिकीकरण गर्दै जानुपर्नेमा राजदूत तोरुले जोड दिए । नेपालको चिया र हर्बल उत्पादनको जापान राम्रो बजार हुनसक्ने भएकाले यसको निर्यातका लागि सहकार्य गर्न सकिने पनि राजदूत तोरुले उल्लेख गरेका थिए ।

विराटनगर विमानस्थल

## टर्मिनल भवन निर्माणको भौतिक प्रगति ४७ प्रतिशत

■ प्रभाव संवाददाता

**मोरङ–** विराटनगर विमानस्थललाई स्तरोन्नति गर्ने कार्यअनुरूप नयाँ टर्मिनल भवनको निर्माण कार्य द्रूत गतिमा भइरहेको जनाइएको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणका इन्जिनियर सञ्जीव खड्काले भवन निर्माणको भौतिक प्रगति ४७ प्रतिशत र वित्तीय प्रगति ३७ प्रतिशत पुगेको जानकारी दिए ।

विराटनगर महानगरपालिका-४ मा निर्माणाधीन भवनको विसं २०७९ फागुन १ गते तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उ•यनमन्त्री सुदन किरातीले शिलान्यास गरेका थिए । भवन निर्माण आगामी २०८२ मङ्सिरभित्र सम्पन्न गर्ने लक्ष्य छ । नयाँ टर्मिनल भवन निर्माणमा दैनिक २२५ कामदारले बिहान ७ देखि राति १० बजेसम्म दुई 'सिफ्ट'मा काम गरिरहेको जनाइएको छ ।

कोशी/डाँफे जेभी निर्माण कम्पनीले रु तीन अर्ब १२ करोडको लागतमा भवन निर्माणको ठेक्का लिएको हो । भवनमा प्रतिघण्टा ५५० यात्रु बस्ने क्षमताको हुनेछ भने १७ वटा चेक इन काउन्टर, अति विशिष्ट कक्ष, बालबालिकाको खेल्ने स्थल, विशिष्ट कक्ष, पत्रकार सम्मेलन कक्ष, भन्सार, अध्यागमन, भन्सार, क्वारेन्टिइन तथा व्यावसायिक विभिन्न पसल तथा कक्ष रहनेछन् ।

प्रदेशको राजधानी रहेको विराटनगरमा आगामी दिनमा हवाई यात्रुको संख्या बढ्ने सक्ने सम्भावनाका आधारमा भवन निर्माण गरिएको इन्जिनियर खड्काको भनाइ छ । तीनतले सो भवनमा चारवटा लिफ्ट र चारवटा स्काइलेटर रहेछन् ।

विराटनगर नागरिक उड्डयन प्राधिकरणका सूचना अधिकारी युवराज अधिकारीले हाल विमानस्थलबाट दैनिक दुई हजार यात्रुहरूले सेवा लिइरहेको बताए । विमानस्थलमा हाल दैनिक रूपमा बुद्ध एयरले नौ, यतिले छ र श्री एयलाइन्सले चारवटा उडान गरिरहेका छन् ।

निर्माण कम्पनीका इन्जिनियर रमेश पौडेलले अत्याधुनिक प्रविधिको प्रयोग गरी भवन निर्माण गरिएको बताए । उनले तोकिएको समयमै काम पूरा गर्ने गरी लागिएको बताए । आगामी दिनमा विमानस्थलबाट अन्तरराष्ट्रिय उडान गर्ने गरी भवनमा निर्माण गरिएको उनको भनाइ छ ।

भारत सरकारको सहयोगमा विसं २०२५ मा निर्माण गरिएको विराटनगर विमानस्थलले कूल १२२ बिघा क्षेत्रफल ओगटेको छ । विराटनगर-११ का व्यवसायी अर्जुन सुवेदीले काठमाडौंपछि ठूलो सहरका रूपमा रहेको यस क्षेत्रबाट भारतको नयाँ दिल्ली, बनारस, कोलकाता र बङ्गलादेशमा उडान भएमा यस क्षेत्रमा पर्यटकहरूको आवागनमा वृद्धि हुनेमा विश्वास व्यक्त गरे । विराटनगर विमानस्थलबाट केही समयअगाडि पोखरा, भैरहवा र हिमाली उडान भएका थिए । यस्तै, नेकोन एयरले केही वर्षअगाडि विमानस्थलबाट भारतको कोलकाताको उडान गरेको थियो ।

विमानस्थल कार्यालयले विमानस्थलले गत आर्थिक वर्षमा रु १७ करोड ५६ लाख राजस्व संकलन गरेको जनाएको छ । साथै सन् २०२४ मा विमानस्थलमार्फत तीन लाख २९ हजार ८९ यात्रुहरू यहाँबाट प्रस्थान गरेका थिए भने तीन लाख २९ हजार ९४९ यात्रुहरूको आवागमन भएको थियो । सोही अवधिमा पाँच हजार ७५४ पटक विमानको आगमन भएको थियो भने पाँच हजार ७५६ वटा विमानले उडान गरेका थिए ।

## दोहोरो अंकले घट्यो नेप्से

**काठमाडौं (प्रस)–** साताको पहिलो कारोबारको दिन उच्च अंकले बढेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक सोमबार दोहोरो अंकले घटेको छ । नेप्से परिसूचक १३ दशमलव ६२ अंकले घटेर दुई हजार आठ सय ७६ दशमलव ६६ को विन्दुमा कायम भएको हो ।

विभिन्न तीन सय कम्पनीका तीन करोड १२ लाख ४१ हजार दुई सय ५८ कित्ता सेयर एक लाख ३९ हजार पाँच सय ५५ पटक खरिदबिक्री हुँदा रू १४ अर्ब २८ करोड ४५ लाख १० हजार पाँच सय ९५ बराबरको कारोबार भएको छ ।

कारोबारपछि जीवन बीमा शून्य दशमलव ७७, उत्पादन तथा प्रशोधन शून्य दशमलव २५, म्युचुअल फन्ड एक, निर्जीवन बीमा शून्य दशमलव ४६ र अन्य समूह एक दशमलव ६८ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ एक दशमलव ३५, विकास बैंक शून्य दशमलव ८४, वित्त शून्य दशमलव ९३, होटल तथा पर्यटन एक दशमलव ८८, जलविद्युत् एक दशमलव २१, लगानी समूह शून्य दशमलव २४, लघुवित्त शून्य दशमलव ८८ र व्यापार शून्य दशमलव ८४ प्रतिशतले घटेको छ । गार्डियन माइक्रोलाइफ इन्स्योरेन्स लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने समाज लघुवित्त वित्तीय संस्था लिमिटेडको सेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । कारोबार भएका सेयर संख्याका आधारमा सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु एक अर्ब ३८ करोड ७४ लाख ४७ हजार बराबरको कारोबार भएको छ ।

कर्पोरेट

## 'एमएडब्लू इभी कार्निभल' जारी




**काठमाडौं (प्रस)–** नेपालमा दिपाल, नामी र सेरेसको आधिकारिक वितरक एमएडब्लू वृद्धिले नेपालको सबैभन्दा ठूलो ईभी कार्निभल जारी रहेको छ । आइतबारदेखि बुधबारसम्म चल्ने गरी सुरु भएको कार्निभलमा यो एक्सक्लुसिभ कार्निभलमा ग्राहकले नेपालमा भर्खरै सार्वजनिक भएको संसारकै पहिलो ट्रान्सफर्मर एसयुभीको अनुभव पनि गर्न सक्नुहुनेछ जुन एउटा सिंगट बटनमा एसयुभीबाट पिकअप ट्रकमा परिणत हुन्छ । साथै, यो कार्यक्रममा ग्राहकले दिपलको चर्चित मोडल एस०७, एस०७एल, एल०७का साथै नामी बक्स र सेरेस थ्रिको टेस्ट ड्राइभ गर्न सक्नेछन् ।

त्यसपछि विराटनगरमा यो कार्यक्रम कञ्चनजङ्घा बैंक्वेटमा आयोजना हुनेछ । चार दिनसम्म चल्ने नेपालकै ठूलो इभी कार्निभल ग्राहकले पछिल्लो समयमा नेपालमा निकै रुचाइएको र चर्चा कमाइरहेको दिपल, नामी र सेरेसको टेस्ट ड्राइभ गर्नुका साथै अभुतपूर्व अफरको फाइदा उठाउँदै इभी खरिद गर्न सकिने जनाइएको छ ।

एमएडब्लु वृद्धि इभी कार्निभलमा ग्राहकले हरेक इभी मोडेलमा आकर्षक क्यास डिस्काउन्ट, एक्सचेन्ज बोनस, फ्रि ७ किलोवाट चार्जर र एसेसोरिज, फ्रि रोड ट्याक्स र अटोप्लस इन्स्योरेन्स पाइनेछ । ग्राहकले टप ८ रिकन्डिसन हाउसबाट आफ्नो पुरानो गाडीको बेस्ट रिकन्डिसन भ्यालु पनि पाइने जनाइएको छ ।

कार्निभलमा चांगानको अफरोड क्यापाबल र स्टाइलिस हन्टर पिकअप पनि डिस्प्लेमा राखिनेछ जसलाई मात्र १० लाख रूपैयाँ डाउनपेमेन्टमा खरिद गर्न सकिनेछ । हरेक दिन बुकिङ गर्ने मध्ये भाग्यशाली एक जोडीले नगरकोटस्थित कन्ट्रि भिल्लामा फ्रि नाइट स्टे पाइनेछ भने बम्पर उपहारमा बुकिंग गर्ने एक जनाले लक्की ड्रमार्फत आइफोन१६ प्रोम्याक्स पाउनुहुनेछ । रिफ्रेसमेन्ट र म्युजिकले यो कानिर्भललाई अझ आउनलायकको बनाउने अपेक्षा एमएडब्लु वृद्धिले गरेको छ ।

पछिल्लो समयमा नेपाली अटोबजारमा दिपल, नामी र सेरेसले राम्रो प्रदर्शन गरिरहेको छ । आफ्नो डिजाइन र प्रविधिका कारण दिपललाई छोटो समयमै निकै बजारले रुचाएको छ भने नामी र सेरेसले पनि आक्रामक रूपमा बजार लिइरहेको छ ।

## वर्ल्डलिंकको आइफोन-१६ उपहार योजना




**काठमाडौं (प्रस)–** वर्ल्डलिंक कम्युनिकेशन्स लिमिटेडले नयाँ ग्राहक एवं सेवा नविकरण गर्दा १० भाग्यशाली विजेतालाई आइफोन १६ उपहार दिने घोषणा गरेको छ । आफ्ना ग्राहक घरधुरी संख्या १० लाख पुग्न लागेको अवसरमा वर्ल्डलिंक कम्युनिकेशन्स लिंले नयाा सेवा एवं नविकरण गर्दा भाग्यशाली १ जनालाई हरेक दिन आइफोन १६ उपहार दिने घोषणा गरेको हो ।

१० लाख घर धुरीसम्म आफ्नो सेवा विस्ता र कम्तिमा ५० लाख नागरिकको संख्यामा सेवा पुगेकोमा ग्राहकको अतुलनीय योगदान रहेको वर्ल्डलिंकद्धारा जारी विज्ञप्तिमा उल्लेख छ । कम्पनीद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'कम्पनीले प्रदान गर्दै आएको गुणस्तरीय सेवा र ग्राहकहरूको उल्लेख्य सहभागिताले स्थापनाको छोटो समयमा नै हामी १० लाख घर धुरीमा पुग्न सफल भएका छौं, उक्त अवसरमा नयाँ सेवा लिने र नविकरण गर्ने कम्तिमा १० जना सेवा ग्राहीलाई आइफोन १६ उपहार घोषणा गर्न पाउादा खुसी छौं ।'

मेची देखि महाकालीसम्म हिमाल, पहाड र तराई सवै क्षेत्रमा वर्ल्डलिंकले आफ्नो सेवा विस्तार गरेको छ । मुलुकका ७४ जिल्लामा वर्ल्डलिंकले आफ्नो सेवा विस्तार गरेको छ । १० लाख घर धुरीसम्म आफ्नो सेवा विस्ता र कम्तिमा ५० लाख नागरिकको संख्यामा वर्ल्डलिंकको सेवा पुग्नु यसैको सफल उदारहण वर्ल्डलिंकले जनाएको छ ।

इन्टरनेट सेवालाई दुरदराज र ग्रामिण भेगमा थप विस्तारका लागि र आम नेपालीको पहाचमा पुऱ्याउनका लागि पनि वर्ल्डलिंकले प्रतिवद्धता जनाएको छ । फागुन महिनाको अन्त्यसम्ममा १० लाख घरधुरी पुऱ्याउने लक्ष्य रहेको कम्पनीले जनाएको छ ।

## जलविद्युत् आयोजनाले बढायो विकास

**म्याग्दी (बेनी)–** धौलागिरि गाउँपालिका-४ चेचुङकी ६८ वर्षीया तुलमती घर्ती गाउँमा मोटरेबल सडकको पहुँच विस्तारले खुसी छिन् । आफ्नै वडा कार्यालयमा जान समेत घण्टौंको पैदलयात्रा गर्नुपर्ने चेचुङवासीले यसअघि सवारीसाधन चढ्न मालिका गाउँपालिका-७ शिवरात्रिखोला पुग्नुपर्ने बाध्यता थियो । अक्करे भिरलाई छिचोल्दै गाउँमा मोटरबाटो पुग्न चेचुङवासीलाई जलविद्युत् आयोजना सहयोगी बनेका हुन् ।

'अहिलेसम्म त सहर बजार जान पनि पैदलै घण्टौं हिँड्दै आएका थियौं, खाद्यान्नलगायतको सामान पनि बोकेरै लैजानुपर्ने बाध्यता थियो, धुलो उडाउँदै भए पनि गाउँमा गाडी बाटो आयो, हामीलाई सुविधा भएको छ', घर्तीले भनिन् ।

सडक निर्माणका लागि यहाँ सञ्चालित जलविद्युत् आयोजनाको भूमिका छ । हाइड्रो इम्पायर प्रालि प्रवर्द्धक रहेको ३७ मेगावाट क्षमताको माथिल्लो म्याग्दी जलविद्युत् आयोजनाले नाउरादेखि १९ घरधुरी रहेको चेचुङगाउँ जोड्ने पाँच किलोमिटर सडक निर्माण सम्पन्न गरेको हो । प्रभावित क्षेत्रमा सामाजिक उत्तरदायित्वका कार्यक्रमअन्तर्गत स्थानीयको मागअनुसार करिब दुई महिना डोजर परिचालन गरेर दुर्गम गाउँमा मोटरबाटो निर्माण गरिएको हो । यसबाट स्थानीयको समस्या केही हदसम्म सम्बोधन भएको छ । मोटरेबल सडक निर्माणले खाद्यान्नलगायतका सामग्री ढुवानीमा मानिसले बोक्नुपर्ने र खच्चडको भर पर्नुपर्ने बाध्यता हटेको छ ।

धौलागिरि गाउँपालिका-४ मुदीमा निर्माणाधीन ६५ मेगावाट क्षमताको म्याग्दीखोला, ३७ मेगावाट क्षमताको माथिल्लो म्याग्दी र ५३ दशमलव पाँच मेगावाट क्षमताको माथिल्लो म्याग्दी-१ जलविद्युत् आयोजनाले मालिका गाउँपालिका-७ शिवरात्रिखोलादेखि खाम्ला, नाउरा हुँदै जेल्टुङ बगरसम्म १५ किलोमिटर सडक निर्माण गरेका छन् ।

चेचुङ र बगरसँगै खिबाङमा समेत जलविद्युत् आयोजनाकै लगानीमा सडकमार्ग जोडिएको छ । आयोजनाको पहुँचमार्ग निर्माणका क्रममा सडकको ट्र्याक दुर्गम बस्तीसम्म पुगेपछि गाउँमा जलविद्युत् आयोजनासँगै विकास भित्रिएको मुदीका वडासदस्य समेत रहेका बगरका स्थानीयवासी हरिप्रसाद तिलिजाले बताए । 'शिवरात्रिखोलाबाट बगर गाउँ पुग्न नाउराको भिरबाट एक दिनको यात्रा गर्नुपर्थ्यो, सडक बनेपछि अब एक घण्टामै यात्रा गर्न सकिने भएको छ, वडा र गाउँपालिकाको कार्यालयसँगै जिल्ला सदरमुकाम आउनजान समेत सडकले सुविधा दिएको छ', तिलिजाले भने ।

जलविद्युत् आयोजनाले म्याग्दी नदीमा बेलिब्रिज जडान गरेपछि खोलाबारी र पारिका बस्तीहरूमा समेत सजिलै आवतजावत गर्न सकिने भएको छ । मुदीको अर्चे र नेरवाङमा अझै सडक पुग्न सकेको छैन । पहाडी भेगका भिर पहाडका फेदी र कुनामा रहेका बस्तीमा सडक पुऱ्याउने काम चुनौतीपूर्ण रहेको अवस्थामा जलविद्युत् आयोजना भित्रिएसँगै सडकको सपना पूरा भएको वडाध्यक्ष यामप्रसाद घर्तीले बताए । जलविद्युत् आयोजनाले सडक, पुललगायतका पूर्वाधारसँगै गाउँको शिक्षा, स्वास्थ्य, खानेपानीलगायतका क्षेत्रमा सघाउन थालेका छन् ।

सामाजिक उत्तरदायित्वअन्तर्गतका कामलाई प्रभावित क्षेत्रका बासिन्दाको आवश्यकता र विकाससँग जोड्ने प्रयास गरिएको धौलागिरि गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले बताए । 'जलविद्युत् गाउँपालिकाको प्रमुख सम्भावनाको आधार हो, यहाँ ठूला आयोजना भित्रदै गर्दा यस क्षेत्रको विकासमा पनि योगदान हुनुपर्छ भन्ने हाम्रो मान्यता छ, आयोजनामा आवश्यक पर्ने जनशक्तिमा समेत स्थानीयलाई अवसर दिन हामीले ध्यानाकर्षण गराइरहेका छौं', गाउँपालिका अध्यक्ष पुनले भने । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ